
बाइबलका
शिक्षाहरुको
श्रेणी



*परमेश्वरको
मण्डलीको
इतिहास
र विकास
सम्बिन्ध
एउटा
अध्ययन*

# इसाई मण्डली

# इसाई मण्डली

परमेश्वरको मण्डलीको इतिहास र

विकास सम्बिन्ध एउटा अध्ययन

Multi-Language Productions
Bringing the Word to the World

विस्कान्सिन इभान्जिलिकल लुथरन सिनेडको बहुभाषा प्रकाशनद्धारा मुलपाठ अनुकरण

कपिराइट © २०११

२०११ मा प्रकाशित रंङ्गिन तथा सादा दृष्यहरु ग्लेन मार्यसको कार्य हो ।

दृष्टान्तहरु नर्थ वेर्स्टन पब्लिसिङ्ग हाउसले सुरक्षित राखेको छ ।

धर्मग्रन्थ पवित्र बाइबल, नेपाली न्यू इन्टरनेसनल रिर्डस भर्सनबाट लिइएको हो ।

कपिराइट १९९६, १९९८ इन्टरनेशनल बाइबल सोसाइटीको अनुमतिले इन्टरनेशनल बाइबल सोसाइटीले प्रयोग गरेको हो ।

पुस्तक २२

# ॐ विषय सूची

प्रारम्भमा ........................................................१

अध्याय एक:

मण्डली शब्दको अर्थ के हो ? ....................................३

अध्याय दुइ:

प्राचिन मण्डली .............................................................१५

अध्याय तीन:

मण्डलीको सुधार (प्रगति) .............................................३३

अध्याय चार:

लुथरन मण्डलीको शिक्षा .............................................४७

अध्याय पाँच:

तपाईको देशमा इसाई मण्डलीको इतिहास ......................६९

शब्दवली.............................................................................८३

अध्याय जाँचको उत्तर ...................................................८५

अन्तिम परीक्षा .............................................................८६

# ०१ प्रारम्भमा

यो पुस्तकले तपाईलाई परमेश्वरको मण्डलीको बारेमा सिकाउँछ यसले तपाईलाई यो कसरी शुरुभयो र कसरी संसारको इतिहासद्वारा यो वृद्धि भयो भन्ने बारे सिकाउँछ । तपाईले सिक्नुहुनेछ कि इसाई मण्डलीको शिक्षाहरु बाइबलमा आधारित छन् न कि मानवको सोचाईमा ।

प्रत्येक अध्याय एउटा उद्देश्य सूचीबाट शुरु हुन्छ जुन चाहिँ तारा चिन्हले (*) जनाइएको हुन्छ । यी उद्देश्यहरुले तपाईलाई त्यो अध्यायमा के सिक्नु हुन्छ भन्ने बारे बताउँछ । त्यसपछि तपाईले केहि हरफहरु पढ्नुहुनेछ र केहि प्रश्नहरुको उत्तर लेख्नुहुनेछ ।

प्रत्येक अध्यायको अन्तमा त्यहाँ एउटा जाँच छ । जाँचमा तपाईले अध्ययन गरेको पाठबाट मात्र प्रश्नहरु सोधिएका छन् । जब तपाई प्रश्नहरुको उत्तर लेखिसक्नु हुन्छ, तपाईलाई दिइएको पेज नं: मा गएर तपाईले आफ्नो उत्तरहरु जाँच्न सक्नुहुन्छ । तपाईले त्यो पेज खोल्नुभयो भने पेजको सबभन्दा मुनि प्रश्नको उत्तरहरु पाउँनु हुनेछ ।

तपाईका उत्तरहरु होसियारी पूर्वक जाँच्नुहोस् । तपाईले कुनै त्रुटि गर्नुभएको छ भने सच्याउनुहोस् । अरु अध्याय शुरु गर्नुभन्दा पहिले तपाई सबै उत्तरहरु सम्झि राख्न निश्चित हुनुहोस् ।

पुस्तकको अन्तमा एउटा अन्तिम जाँच छ । तपाईले त्यो जाँच पूरा गर्नुभन्दा पहिले अध्यायका जाँचहरुलाई दोहोऱ्याउनुहोस् । जब तपाई अन्तिम जाँच पूरा गर्नुहुन्छ, तपाईलाई यो पुस्तक दिने व्यक्तिलाई त्यो परीक्षा पत्र बुझाउनुहोस् वा यो पुस्तकको पछाडि लेखिएको ठेगानामा पठाउनुहोस् । जब तपाई इसाई मण्डली को बारेमा अध्ययन गर्नुहुन्छ र यसको इतिहास र विकास बारे सिक्नुहुन्छ, हामी प्रार्थना गर्छौं कि तपाईले मण्डलीमा र इसाई मण्डलीको सदस्यहरुमा परमेश्वरको आशिष देख्नुहुनेछ ।

# अध्याय एक:

## मण्डली शब्दको अर्थ के हो ?

मण्डली शब्दको प्रयोग विभिन्न प्रकारले गरिएको छ । जे भए पनि यो अध्यायमा हामी यसबारे सिक्न चाहान्छौं:

* त्यो मण्डली जो हामी देख्न सक्दैनौं — अदृश्य मण्डली र
* त्यो मण्डली जो हामी देख्न सक्छौ — दृश्य मण्डली ।

प्रेरितहरुको विश्वासको सारमा हामी "पवित्र इसाई मण्डली" मा विश्वास गर्छौं भनेर स्वीकार गर्दछौ । पवित्र इसाई मण्डली एउटा अदृश्य मण्डली हो अथवा त्यस मण्डलीलाई हामी देख्न सक्दैनौं । पवित्र इसाई मण्डलीको एउटा सदस्य को हो भनेर हामी देख्न सक्दैनौं किनभने यो ख्रीष्टमा विश्वास गर्नेहरुको लागि बनेको हुन्छ । कुनै व्यक्ति येशूमा विश्वास गर्छ कि गर्दैन भनेर जान्नको

लागि तपाई कसैको हृदयमा हेर्न सक्नु हुन्न । केवल परमेश्वर मात्र हाम्रो हृदयलाई देख्न सक्नु हुन्छ र कसले उहाँलाई विश्वास गर्छ उहाँ जान्नु हुन्छ । “प्रभुले आफ्ना जतिलाई चिन्नु हुन्छ, ।” (२तिमोथी २:१९) पुरानो नियममा अगमक्ता शमूएलसँग परमेश्वर बोल्नुभयो र उनलाई भन्नुभयो “मानिसले रुप हेरेर विचार गर्छ, तर परमप्रभुले हृदयभित्र हेरेर विचार गर्नु हुन्छ ।” (१शमूएल १६:७)

१. पवित्र इसाई मण्डलाी एउटा ____________________ मण्डली हो ।

२. यदि त्यो व्यक्ति येशूमा ________________________ गर्छ कि गर्दैन भन्ने जान्नको लागि हामी कसैको __________________________________ देख्न सक्दैनौं ।

३. केवल ________________________ मात्र हाम्रो __________________लाई देख्न सक्नु हुन्छ र कसले उहाँलाई विश्वास गर्छ उहाँ जान्नु हुन्छ ।

(यी प्रश्नहरुको उत्तर पे. नं. १३ मा पाउनुहुनेछ)

येशूमा विश्वासद्वारा हामी पवित्र इसाई मण्डलीका सदस्यहरु भएका छौं । यो मण्डली येशू र पवित्रआत्माले जे हाम्रो लागि गर्नुभएको छ त्यसद्वारा पवित्र बनाइएको छ । उहाँको सिद्ध जीवन र क्रूसमा उहाँको मृत्युद्वारा, जहाँ येशूले हाम्रो पापहरुको लागि सजाय भोग्नु भएको थियो, हामी पवित्र पारिएका छौं । (१यूहन्ना १:७) मा हामी सिक्छौं कि “उहाँका पुत्र येशूको रगतले हामीलाई सबै पापबाट शुद्ध पार्छ ।” यो पवित्र आत्माको काम हो जसले

हामीलाई  विश्वासमा ल्याउनुहुन्छ र विश्वासमा राखी राख्नुहुन्छ त्यसैले हामी पवित्र इसाई मण्डलीको एक अंग बन्न सक्छौं । यो परमेश्वर हुनुहुन्छ हामीहरु होइनौं जसले हामीलाई यस अदृश्य मण्डलीको सदस्यहरु बनाउनु हुन्छ, त्यो विश्वासीहरुको लागि बनेको छ र केवल
विश्वासीहरुको लागि ।

यो पवित्र मण्डलीलाई "इसाई" भनिन्छ किनभने जोहरु यस मण्डलीको सदस्यहरु छन् तिनीहरु चेलाहरु हुन् अथवा येशू र ख्रीष्टका अनुयायीहरु हुन् । येशूले आफ्ना चेलाहरुलाई भन्नुभयो कि तिनीहरुले "सबै देशका जातिहरुलाई" बप्तिस्माद्वारा उहाँले हामीलाई आज्ञा गरेका सबै कुरा सिकाएर मानिसहरुलाई चेला बनाउनु पर्दछ । इसाई मण्डलीको सदस्य बन्नलाई हामीले बप्तिस्मा लिनु पर्नेछ । हामीले इमानदारी पूर्वक परमेश्वरको वचनलाई पनि निरन्तर अध्ययन गर्नु पर्नेछ । यसरी हामी सधैं येशूमा विश्वास गरिरहनसक्छौं  । प्रेरित पावलले हामीलाई भन्छन् "जसरी ख्रीष्ट मण्डलीको शिर हुनुहुन्छ, जुन मण्डली उहाँको शरीर हो, र उहाँ स्वयम त्यसको मुक्तिदाता हुनुहुन्छ । जसरी मण्डली ख्रीष्टको अधिनमा छ ।" (एफिसी ५:२३,२४) येशूख्रीष्टले हाम्रो लागि जे गर्नुभयो र उहाँ हाम्रो गोठालो भएको कारणले हामी आफैलाई इसाई, ख्रीष्टको अनुयायी भन्दछौं । "इसाई" भन्ने नाम एउटा प्राचिन नाम हो । लूकाले हामीलाई प्रेरितहरुको पुस्तकमा ख्रीष्टका चेलाहरु ऐन्टिओखिया शहरको बारेमा भनेछन्, "चेलाहरु पहिलो पटक एन्टिओखियामा नै इसाई भनिए ।" (प्रेरित ११:२६)



येशू पवित्र आत्मा पठाउनु हुन्छ ।

४. ____________________मा ______________________द्वारा हामी पवित्र इसाई मण्डलीका सदस्यहरु भएका छौं ।

५. यो ___________________________ हुनुहुन्छ, हामीहरु होइनौं जसले हामीलाई यस अदृश्य मण्डलीको सदस्यहरु बनाउनुहुन्छ ।

६. ________________________________________विश्वासीहरुको लागि बनेको हो र केवल ______________ को लागि ।

७. मण्डलीलाई ____________________________________भनिन्छ किनभने सदस्यहरु _____________________________का ___________________________________________ हुन् ।

(यी प्रश्नको उत्तर पे. नं. १३ मा पाउनुहुनेछ)

जब तपाई जन्मिनु भएको थियो तपाईका आमा बुबाले तपाईको एउटा नाम दिनु भएको छ । जब तपाईले बप्तिस्मा लिनु भएको थियो परमेश्वरले तपाईलाई अर्को नाम दिनुभएको छ । अब तपाईको नमा "इसाई" हो । विश्वासद्वारा अब हामी परमेश्वरका परिवारका सदस्यहरु हौं । एफिसी २:१९ ले हामीलाई सम्झाउँछ, "यसरी अब तिमीहरु विदेशी र प्रवासी होइनौं, तर सन्तहरुसँग तिमीहरु संङ्गी—नागरिक र परमेश्वरको परिवारका सदस्यहरु भएका छौं ।"

जब तपाईले बप्तिस्मा लिनु हुन्छ तपाई पवित्र इसाई मण्डलीको एउटा सदस्य हुनुहुन्छ । त्यहाँ केवल एउटै मात्र पवित्र इसाई मण्डली छ । त्यहाँ धेरै मानिसहरुको विभिन्न

समूहहरु हुन सक्छ र समूहको भेलाले धेरै मण्डली सम्प्रदाय बनाएको छ । त्यहाँ रोमन क्याथलिक हुन सक्छन् अथवा वप्टिस्ट अथवा मेथोडिस्ट अथवा लुथरन तर त्यहाँ केवल एउटा मात्रै पवित्र इसाई मण्डली छ । यो विश्वासीको लागि निर्मित छ जहाँ अनुग्रहको साधन परमेश्वरको वचनमा भएको सुसमाचार र बप्तिस्मा र प्रभुभोजको धार्मिक विधि सिकाईएका छन् र ति सही तरिकाले प्रयोग गरिएका छन् । केवल त्यहाँ विश्वासी भएका पाईने छन् जुनहरु पवित्र इसाई मण्डलीका सदस्यहरु हुन् ।

हामी येशूलाई हाम्रा सबै पापहरुबाट शुद्ध पार्नु भएकोमा धन्यवाद दिन्छौं । हामी पवित्र आत्मालाई सुसमाचारद्वारा येशूमा विश्वास गर्न र हाम्रो मुक्तिदाता हुन बोलाउनु भएकोमा धन्यावाद दिन्छौं । हामी परमेश्वर पितालाई उहाँको परिवारको सदस्य बनाउनु भएकोमा धन्यवाद दिन्छौं त्यसकारण हामी पवित्र इसाई मण्डलीको पनि सदस्य भएकाछौं । हाम्रो मुक्ति प्रेमि परमेश्वरको उपहार हो ।

८. जब तपाईले बप्तिस्मा लिनुभएको थियो तपाईले ________________________ नाम प्राप्त गर्नुभएको छ ।

९. त्यहाँ केवल ________________________ पवित्र इसाई मण्डली छ ।

१०. पवित्र इसाई मण्डली विश्वासीको लागि निर्मित छ जहाँ अनुग्रहको साधन परमेश्वरको वचनमा _____________________ र बप्तिस्मा र प्रभुभोजको

_____________ _____________ सिकाइएका छन् र ति सही तरिकाले प्रयोग गरिएका छन् ।

११. उद्धार _________________ परमेश्वरको उपहार हो ।

(यी प्रश्नको उत्त। पें नं. १३ मा पाउनुहुनेछ)

हामीले अदृश्य मण्डलीको बारेमा सिक्यौं । पवित्र इसाई मण्डलीको सदस्यहरु कुन कुन हुन् भनेर परमेश्वर मात्र जान्नु हुन्छ । अब हामी दृश्य मण्डलीहरुको बारेमा सिक्न चाहन्छौं ती मण्डलीहरु जसलाई हामी देख्न सक्छौं । "मण्डली" भन्ने शब्द धेरै प्रकाले प्रयोग भएको छ । जब हामी एउटा मण्डलीको बारेमा भन्छौं एउछा भवन जहाँ मानिसहरु आराधना गर्छन् वा हामी मण्डली गइरहेकाछौ भन्न सक्छौं यसको अर्थ हामी अरु मानिसहरुसँग आराधना गर्नको लागि सहभागी हुनेछौ भन्ने हो । जब कसैले तपाईलाई सोध्छ, "तपाई कुन मण्डलीसँग सम्बन्धीत हुनुहुन्छ ?" हाम्रो उत्तर हुन सक्छ, "म लुथरन मण्डलीसँग आवद्ध छु," अथवा मेथोडिस्ट मण्डलीसँग वा रोमन क्याथलीक मण्डलीसँग । यसको अर्थ यो हो कि तपाई एउटा मण्डलीहरुको समूहरुको सदस्य हुनुहुन्छ जसले सँगसँगै मिलेर प्रभुको कार्य संसारमा फैलाउदै छ ।

एउटा मण्डलीका सदस्यहरुले आफ्नो प्रेम तिनीहरुका परमेश्वर र मुक्तिदातालाई देखाउने छन् । तिनीहरुले तिनको विश्वास बाड्ने छन् । प्रार्थना र भेटीका साथ तिनीहरुले आफ्नो मण्डलीको कार्यमा सहयोग पुऱ्याउने छन्

। तिनीहरुका मुक्तिदाताको सुसमाचार फैलाउन प्रेममा तिनीहरुले जे सहायता गर्न सक्छन तिनीहरुले गर्नेछन ।

१२. मण्डलीका सदस्यहरुले आफ्नो ____________________ लाई तिनीहरुका परमेश्वर र मुक्तिदातालाई देखाउने छन् ।

१३. तिनीहरुले तिनको ____________________बाड्ने छन् ।

१४. ____________________ र ____________________ का साथ तिनीहरुले आफ्नो मण्डलीको कार्यमा सहयोग पुऱ्याउने छन् ।

(यी प्रश्नको उत्तर पे. नं. १३ मा पाउनुहुनेछ)

दृश्य मण्डलीको सदस्यहरुको रुपमा एउटा व्यक्तिले के गनुपर्छ भन्ने जान्नको लागि हामीले बाइबलमा भएको येशूको उदाहरण सिक्नुपर्छ । निम्न बाइबलका विवरणहरु पढ्नुहोस् जसमा हामीले उहाँलाई कसरी सेवागर्न सक्छौं येशूले हामीलाई सिकाउनु हुन्छ :

**लूका १०:३८—४२** —येशूले हामीलाई भन्नुहुन्छ कि बाइबल सुन्नु र अध्ययन गर्नु धेरै महत्वपूर्ण छ ।

**लूका ४:१४—२१** —येशू सभाघरमा नियमित रुपमा जानु हुन्थ्यो

**लूका २१:१—४**— मण्डलीको कार्यको लागि भेटी दिन येशू भन्नुहुन्छ ।

**मत्ती १८:२०**— जसले उहाँलाई आराधना गर्छ तिनीहरु उहाँसँगै हुने प्रतिज्ञा येशूले हामीलाई दिनुभएको छ ।

## अध्याय एकको  पुनरावलोकन

जब हामी मण्डलीको बारेमा भन्छौं, हामीले सिक्यौ४ कि त्यहाँ एउटा मण्डली छ जसलाई हामी देख्न सक्दैनौं, अदृश्य मण्डली र एउटा मण्डली छ जसलाई हामी देख्न सक्छौं, दृश्य मण्डली ।

अदृश्य मण्डली एउटा यो हो कि केवल विश्वासीहरुद्वारा बनेको छ । हामी यसलाई देख्न सक्दैनौं । कुन चाहिँ यो मण्डली सँग सम्बन्धीत छ भनेर हामी देख्न सक्दैनौं किनभने हामी उनीहरु विश्वास गर्छन अथवा गर्दैनन् भनेर मानिसहरुको हृदय हेर्न सक्दैनौं । केवल परमेश्वरले मात्र त्यो गर्न सक्नुहुन्छ । त्यसकाण कुन चाहिँ विश्वासी हो र कुन चाहिँ अदृश्य मण्डलीको सदस्य हो भनेर परमेश्वर जान्नुहुन्छ । यो मण्डली पवित्र छ  किनभने येशूले सिद्ध जीवन जिएर र हाम्रो लागि क्रूसमा मरेर यसलाई पवित्र बनाउनु भएको छ , यो इसाई मण्डली हो किनभने जुनहरु यसका सदस्यहरु हुन् तिनीहरु खीष्टका चेलाहरु हुन् ।

जे भए पनि, हामी दृश्य मण्डलीका सदस्यहरुलाई देख्न सक्छौं । दृश्य मण्डलीका सदस्यहरु ती मानिसहरु हुन् जो हामीहरुसँग परमेश्वरको वचन अध्ययन गर्छन् । ती मानिसहरु हुन जुनहरु हामीसंग सँगै आराधना गर्छन् । तिनीहरु इसाई मण्डलीका सदस्यहरु हुन् अथवा एउटा मण्डलीहरुको समूहका सदस्यहरु हुन् । दृश्य मण्डलीको सदस्य भएकोमा हामी प्रेम परमेश्वरलाई देखाउछौं र हामी येशूको उदाहणहरु परमेश्वरको वचन अध्ययनद्वारा र

मण्डलीको कार्यको लागि हाम्रा उपहार र प्रार्थनाद्वारा सहयोग गर्छौं । येशूले प्रतिज्ञा गर्नुहुन्छ जहाँ दुइ अथवा तीन जना उहाँको नाउँमा जम्मा हुनेछन् उहाँ तिनीहरुको वीचमा हुनुहुनेछ यद्यपि हामी उहाँलाई देख्न सक्दैनौं ।

अध्याय एक को **प्रश्नको उत्तर**:
१.अदृश्य, २.हृदय, विश्वासी, ३.परमेश्वर, हृदयहरु, ४.विश्वास, येशू, ५.परमेश्वर, ६.विश्वासीहरु, विश्वासीहरु, ७.इसाई, चेला, खीष्ट, ८. इसाईहरु, ९.एक, १०.सुसमाचार, धार्मिक विधि, ११.प्रेमी, १२.प्रेम, १३.विश्वास, १४.प्रार्थना, भेटीहरु ।

# अध्याय एक को परीक्षा

१. यदि त्यो व्यक्ति येशूमा _____________________ गर्छ कि गर्दैन भन्ने जान्नको लागि हामी कसैको __________________________________ देख्न सक्दैनौं ।

२. केवल _________________ मात्र हाम्रो _____________ लाई देख्न सक्नु हुन्छ र कसले उहाँलाई विश्वास गर्छ उहाँ जान्नु हुन्छ ।

३. ________________ मा ________ __________ द्वारा हामी पवित्र इसाई मण्डलीका सदस्यहरु भएका छौं ।

४. यो _____________________ हुनुहुन्छ, हामीहरु होइनौं जसले हामीलाई यस अदृश्य मण्डलीको सदस्यहरु बनाउनुहुन्छ ।

५. जब तपाईले बप्तिस्मा लिनुभएको थियो तपाईले _____________________ नाम प्राप्त गर्नु भएको छ ।

६. त्यहाँ ________________ पवित्र इसाई मण्डली छ ।

७. उद्धार __________________ परमेश्वरको उपहार हो ।

८. मण्डलीका सदस्यहरुले आफ्नो __________________ लाई तिनीहरुका परमेश्वर र मुक्तिदातालाई देखाउने छन् ।


९. __________________ र ___________________ का साथ तिनीहरुले आफ्नो मण्डलीको कार्यमा सहयोग पुऱ्याउने छन् ।

(पेज नं. ८५ मा हेरेर तपाईका उत्तरहरु जाँच्नुहोस्)

# अध्याय दुइ:

## प्राचिन मण्डली

प्रारम्भीक समयदेखि नै परमेश्वरको मण्डली विद्यमान थियो । हामी पुरानो नियममा आदम र हव्वाको छोराहरु कयिन र हाविल ले आफ्ना भेटीहरु परमप्रभु कहाँ ल्याउछन् भन्ने बारे सिक्छौं (उत्पत्ती ४:१—५) । संसारको जलप्रलय पछि नोआले परमेश्वरलाई आराधना गर्न एउटा वेदी बनाए र परमेश्वरको प्रशंसा गरे (उत्पत्ती ८:१४—२०) अब्राहामले पनि परमेश्वरको आराधना गरे र उनले आफ्नो छोरो इसाहकलाई भेटीको रुपमा परमेश्वरलाई बली चढाउन चाहेका थिए (उत्पत्ती १२:४—७) । परमेश्वरको आराधनाको बारेमा पुरानो नियमबाट अझ धेरै उदाहरणहरु छन् ।



पावल र बारनबासले परमेश्वरको बचज प्रचार गरे ।

तर जब हामी इसाई मण्डली भन्छौं यसको शुरुवात येशूको समय देखि नै थियो । यो अध्यायमा हामी यसबारे सिक्न चाहन्छौं :

* प्रेरितहरुको कार्य र
* संसारमा सुसमाचारको विस्तार ।

उहाँ मृतकबाट उठ्नु भएपछि र स्वर्गमा फिर्ता जानु भन्दा अघि येशूले आफ्ना चेलाहरुलाई भन्नुभयो कि "तर पवित्र आतमा तिमीहरुमा आउनु भए पछि तिमीहरुले शक्ति पाउनेछौं, र तिमीहरु यरुशलेममा, सारा यहूदीयामा, सामारियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरो साक्षी हुनेछौं ।" (प्रेरित १:८) सुसमाचार प्रचार गर्न ती सबै चेलाहरु कता गए सो हामी जान्दैनौं । हामीलाई थाहा छ कि प्रेरित याकूब यरुशलेम शहरको मण्डलीको मुख्य व्यक्ति भएका थिए । हामीलाई थाहा छ प्रेरित पत्रुसले खास गरेर यहूदीहरुको माझमा सेवकाई गरेका थिए । पछि प्रेरितहरुको पुस्तकमा प्रेरित पावलको कामको बारेमा हामी ज्यादा सिक्छौं । पावल अन्यजातिहरुका प्रेरित भए । जसको फलस्वरुप उनी प्रचार यात्रामा गए जो आज टर्कि भन्ने देश त्यस्तै ग्रिक र माकेडोनिया हो । त्यसपछि उनी रोमको शहर र सम्भवतया स्पेनको देशमा पनि गए । येशूका चेलाहरुले प्रभुको निर्देशन पालन गरेका थिए । मानिसहरु कसरी विश्वासद्वारा येशूमा बचाइएका छन् भन्ने बारे प्रचार गर्दै र सिकाउदै गए ।

१. येशू मृतकबाट उठ्नु भए पछि र स्वर्गमा चढी जानु भन्दा अघि उहाँले आफ्ना चेलाहरुलाई भन्नुभयो, “तिमीहरु मेरा ________________________________ हुनेछौं ।”


२. हामीलाई थाहा छ प्रेरित पत्रुसले खास गरेर ____________________ माझमा सेवकाई गरेका थिए ।

३. पावल ________________________ का प्रेरित भए ।

४. येशूका चेलाहरुले प्रभुको निर्देशन पालन गरेका थिए र मानिसहरु कसरी ____________________________ ________________________________________ बचाइएका छन् भन्ने बारे प्रचार गर्दै र सिकाउदै गए ।

(यी प्रश्नको उत्तर पे. नं. २८ मा पाउनुहुनेछ)

पछि गएर सतावटले मण्डलीमा कसरी प्रवेश पायो भन्ने बारे हामी सिक्छौं । रोमी शासकहरुले येशूख्रीष्टको मण्डलीलाई नष्ट पार्ने कोशिस गरे । मण्डली नष्ट हुनुको सट्टा सतावटको कारण मण्डली विस्तार भयो । यो एउटा व्यक्तिले आफ्नो खुट्टाले हिलो भएको खाल्डोलाई हिर्काएको जस्तै छ । जब उसले त्यस्तो गऱ्यो हिलो चारैतिरको क्षेत्रमा छरियो । मण्डलीको यर्थातता त्यहि प्रकारको थियो । धेरै शहरमा नयाँ मण्डलीहरु स्थापित भईसकेका थिए तब कन्स्टेनटाइन नाम गरेका एउटा सम्राट इसाई भए । कन्स्टेनटाइन रोमी सामराज्यका शासक थिए । उनले इसाई धर्मलाई रोमी सम्राज्यमा बैधानिक धर्म बनाए ।




५. रोमी शासकहरुले येशू ख्रीष्टको मण्डलीलाई ______________________ कोशिस गरे ।

६. मण्डली नष्ट हुनुको सट्टा सतावटको कारण मण्डली __________ ____________ भयो ।


७. ______________________ नाम गरेका एउटा सम्राट ______________________ भए ।

८. कन्स्टेनटाइनले ______________________ धर्मलाई रोमी सम्राज्यमा बैधानिक बनाए ।

(यी प्रश्नको उत्तर पे. नं. २८ मा पाउनुहुनेछ) ।

येशूले रायोको बिउको दृष्टान्तको बारेमा सिकाए जस्तै मण्डली वृद्धि भयो । दृष्टान्तहरु स्वर्गीय अर्थमा संसारिक कथाहरु हुन् । मर्कूस ४:३०—३२ पढ्नुहोस् । येशू भन्नुहुन्छ परमेश्वरको राज्य एउटा सानो रायोको बिउ जस्तै हो । तर जब यसलाई जमीनमा छरिन्छ तब यो बढेर ठूलो रुख हुन्छ कि चराहरु त्यसको हाँगामा आफ्नो गुँड बनाउछन् । त्यस्तै प्रकारले परमेश्वरको मण्डलीसँग पनि भयो । सर्वप्रथम १२ वटा प्रेरितहरु मात्र थिए, त्यसपछि ७० वटा भए । पेन्तिकोसको चाडको बेला ३००० मानिसहरुले बप्तिस्मा लिएका थिए । र कन्स्टेनटाइनको समयमा परमेश्वरको मण्डली रोमी साम्राज्यभरी फैलियो । अझै यसको क्रम आज पनि जारी छ ।

शैतानले हरेक प्रकारले परमेश्वरको मण्डलीलाई नष्ट पार्ने कोशिस गरेको छ । जब शैतानले सतावटद्वारा परमेश्वरको मण्डली नष्ट पार्न सफल भएन, उसले मण्डलीमा शिक्षकहरुको कारण बनाएर मानिसहरुलाई झूटा शिक्षाको प्रयोगद्वारा येशूबाट टाढा लैजाने नेतृत्व गर्छ । झूटा शिक्षक र तिनीहरुको झूटो शिक्षामा विजय प्राप्त गर्न इसाई अगुवाहरुले  विश्वासको सारहरु लेखे, वा शैतानले येशूको मण्डलीलाई नष्ट गर्न प्रयोग गरिरहेको झूटा शिक्षा माथि विजय प्राप्त गर्न, मण्डलीले के सिकाउनु पर्ने हो विवरणहरु लेखे ।



पवित्र इसाई मण्डलीको बृद्धि हुन्छ ।

९. शैतानले हरेक प्रकारले परमेश्वरको मण्डलीलाई ____________ ____________पार्ने कोशिस गरेको छ ।

१०. शैतानले ____________________शिक्षाको प्रयोगद्वारा मानिसहरुलाई येशूबाटा टाढा लैजान शिक्षकहरुलाई मण्डलीमा अगुवाइ गर्नको लागि नेतृत्व गर्छ ।

११. इसाई अगुवाहरुले ____________________________ लेखे अथवा शैतानको झूटा शिक्षा माथि विजय प्राप्त गर्न मण्डलीले के ____________________________ पर्ने हो विवरणहरु लेखे ।

(यी प्रश्नको उत्तर पे. नं. २८ मा पाउनुहुनेछ) ।

विश्वासको सार तीन वटा छन् अथवा विश्वासका विवरणहरु जो आज इसाई मण्डलीद्वारा मण्डलीमा प्रयोग भइरहेका छन् । जुन विश्वासको सार हाम्रो लागि अत्यधिक प्रख्यात छ त्यसलाई प्रेरितको विश्वासको सार भन्दछन् । यो विश्वासको सार प्रेरितहरुद्वारा लेखिएको थिएन तर प्रेरितहरुको शिक्षामा आधारित छ कि हामी बाइबलमा पाउछौँ । प्रेरितको विश्वासको सार निम्न प्रकार छ :

> १. म विश्वास गर्दछु एक परमेश्वर सर्वशक्तिमान् पिता, स्वर्ग र पृथ्वी सृष्टि गर्नुहुने माथि । २.अनि उहाँको एकले पुत्र हाम्रा प्रभु येशू ख्रीष्ट माथि, जो पवित्र आत्माको शक्तिद्वारा गर्भधारण हुनुभयो,

कन्या मरियम देखि जन्मनुभयो, जसले पन्तियस पिलातसको अधिकारमा दुःख भोग्नुभयो, क्रूसमा टाँगिनुभयो, मारिनुभयो, अनि गाडिनु भयो, आत्मलोकमा उत्रनु भयो, तेस्रो दिनमा मरेकाहरुबाट बिउँतनुभयो । स्वर्गमा चढीजानुभयो । सर्वशक्तिमान परमेश्वर पिताको दाहिने हातपट्टि बस्नुभएको छ । जहाँदेखि उहाँ जिउँदा र मरेकाहरुको न्याय गर्नलाई फेरि आउनुहुनेछ ।

३. म विश्वास गर्दछु पवित्र आत्मा माथि, पवित्र विश्व मण्डली माथि, पवित्रहरुको संगतिमाथि, पापमोचन माथि, शरीरको पुनरुत्थान माथि र अजम्मरी जीवन माथि । आमिन् ।

इसाईहरुले के विश्वास गर्दछन् भन्ने कुरामा यो संक्षिप्त र सुन्दर स्वीकार हो । यो विश्वासको सार प्रभु येशूको वचनमा आधारित छ । मत्ती २८:१८,१९ मा येशूले तिनीहरुलाई भन्नु भयो, स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ ।“यसकारण जाओ, र सबै देशका जातिहरुलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरुलाई बप्तिस्मा देओ ।” ध्यान दिनुहोस् येशू कसरी यहाँ तीन व्यक्ति एक सत्य परमेश्वरको बारे भन्नुहुन्छ । यस्तै प्रकारले प्रेरितको विश्वासको सारले यी तीन व्यक्तिको र हरेक ईश्वरत्वले हाम्रो लागि के गर्नु हुन्छ भन्ने बारे भन्छ । पिता परमेश्वरले हामीलाई सृजनुभयो र हाम्रो रेखदेख गर्नुहुन्छ । येशूख्रीष्ट मानव हुनुभयो एउटा सिद्ध जीवन जिएर पापको छुट्काराको लागि

हाम्रो निम्ति मर्नुहुन्छ । पवित्र आत्माले हामीलाई विश्वासमा ल्याउनु हुन्छ र स्वर्गतिर डोऱ्याउनुहुन्छ । प्रत्येक इसाईले जे उसले विश्वास गरेको छ एउटा विवरणको रुपमा विश्वासको सार सिक्नुपर्दछ ।

१२. विश्वासको सार हाम्रो लागि अध्याधिक प्रख्यात छ त्यसलाई ________________ विश्वासको सार भन्दछन् ।

१३. यो विश्वासको सार _______________ को शिक्षामा आधारित छ कि हामी ________________ पाउदछौं ।

१४. विश्वासको सारको प्रथम खण्डले परमेश्वर __________________________ को बारेमा भन्दछ ।

१५. दोस्रो र लामो विश्वासको सारको यो खण्डले __________________________ परमेश्वर पिताको एक मात्र पुत्र, हाम्रो प्रभुको बारेमा भन्दछ ।

१६. तेस्रो यो विश्वासको सारको खण्डले परमेश्वर __________________________ को बारेमा भन्दछ ।

१७. प्रेरितहरुको विश्वासको सार ___________________ को वचनमा आधारित छ ।

१८. परमेश्वर ________________________________ ले हामीलाई सृजनु हुन्छ र हाम्रो हेर विचार गर्नुहुन्छ ।

१९. येशू ख्रीष्ट मानव हुनुभयो र हाम्रो लागि
____________________ भयो र हामीलाई
____________________ दिनुभयो ।

२०. पवित्रआत्माले हामीलाई ____________________
.ल्याउनु हुन्छ र ______________ डोऱ्याउनु हुन्छ ।

(यी प्रश्नको उत्तर पे. नं. २८ मा पाउनुहुनेछ) ।

इसाई मण्डलीमा दोस्रो विश्वासको सार प्रयोग गरिएको छ त्यसलाई **नाई सिनको सार** भन्छन् ।
यो प्रेरितको विश्वासको सार भन्दा लामो छ । अरियस नामका एक जना झूटा शिक्षक थिए जसले येशू परमेश्वर पिता समान हुनु हुन्न भनेर सिकाउथे । यो झूटो शिक्षा माथि विजय प्राप्त गर्ने क्रममा लगभग १७०० वर्ष अघि नाई सिनको सार लेखिएको थियो । विश्वासको सारको द्वितिय खण्डले प्रेरितको विश्वासको सार भन्दा बढी ख्रीष्टको बारेमा भन्छ र येशू "केवल परमेश्वरको पुत्र, अनन्तताको परमेश्वरको एकलौते पुत्र, ज्योतिबाटको ज्योति, सत्य परमेश्वरबाटको सत्य परमेश्वर" हुनुहुन्छ भन्ने बारे सिकाउँछ । यी शब्दहरुले सबै मानिसहरुलाई सम्झना गराउँछ कि, येशू साँचो परमेश्वर हुनुहुन्छ, कि उहाँ केवल परमेश्वरको पुत्र र अनन्त हुनुहुन्छ ।

पछि तृतिय विश्वासको सार लेख्नलाई आवश्यक पऱ्यो किनभने त्यहाँ झूटा शिष्क्षकहरु थिए जुनहरुले त्यहाँ तीन व्यक्तिहरु — पिता परमेश्वर, पुत्र र पवित्र आत्मालाई

अस्वीकार गर्दथे जुन चाँहि एक परमेश्वर हुन् । अर्को झूटो शिक्षाले भन्थ्यो कि येशू साँचो परमेश्वर र साँचो मानव एक व्यक्ति दुबै हुनुहुन्नथ्यो भनेर । त्यो विश्वासको सार जो लेखिएको थियो एथानेसियनको विश्वासको सार भनेर बुझिन्छ । यसको नाम पछि मण्डलीका अगुवाले राखेका थिए जसले येशूको जन्मको ३०० बर्ष पछि बाइबलको शिक्षालाई जोगाएका थिए । यो सार धेरै लामो छ र यस पुस्तकको धेरै जसो पेजहरु समेट्छ ।

२१. इसाई मण्डलीमा प्रयोग गरिएको दोस्रो विश्वासको सारलाई ___________________________ भन्दछन् ।

२२. एउटा झूटा शिक्षकले येशू परमेश्वरको पुत्र हुनुहुन्छ तर परमेश्वर पिता ______________________ हुनुहुन्न भनेर सिकाएको कारण नाईसिन सार लेखिएको थियो ।

२३. झूटा शिक्षकहरुले पिता परमेश्वर, पुत्र परमेश्वर र पवित्र आत्मालाई जुनहरु ___________________________ परमेश्वर हुन् तिनीहरुलाई अस्वीकार गरेका थिए त्यसैले तेस्रो सार एथानेसियनको सार लेखिएको थियो ।

(यी प्रश्नको उत्तर पे. नं. २८ मा पाउनुहुनेछ) ।

यी तीन वटा सारहरु — प्रेरितहरुको विश्वासको सार, नाईसिनको सार, र एथानेसियनको सार — सबै पवित्र बाइबलको शिक्षामा आधारित छन् । यिनीहरुले साँच्चै नै येशू र प्रेरितहरुले जे सिकाए त्यही सिकाउछन् । यी

विश्वासका सारहरु विश्वास गर्ने हरेक परमेश्वरका छोराछोरीको विश्वासको विवरण हो । हामी परमेश्वरलाई धन्यवाद दिन्छौं कि उहाँको शिक्षा हामीलाई वचनमा प्रकट गरिएको छ र सम्पूर्ण इसाई मण्डलीहरुको इतिहास भरी शुद्ध राखिएको छ । हामी परमेश्वरसँग प्रार्थना गर्छौ कि उहाँले हामी हरेकलाई एउटा मण्डलीको सदस्यहरुको रुपमा राख्नु हुनेछ यो विश्वास गर्दै र घोषणा गर्दै सम्पूर्ण बाइबलको शिक्षा सत्य हो र यो शिक्षामा थप्न र घटाउनु हुन्न । उहाँको मण्डलीको सदस्य र विश्वासी बनाउनु भएकोमा परमेश्वरलाई आदर र प्रशंसा होस् ।

२४. यी तीनवटा सारहरु — प्रेरितहरुको विश्वासको सार, नाईसिनको सार, र एथानेसियनको सार — सबै

____________________ ____________________

शिक्षामा आधारित छन् ।

२५. यी तीनवटा सारहरुले साँच्चै नै ______________ र ____________________ ले जे सिकाएका थिए त्यही सिकाउछन् ।

२६. यी विश्वासका सार हरेक परमेश्वरका ________________ को ________________ हो ।

(यी प्रश्नको उत्तर पे. नं. २८ मा पाउनुहुनेछ) ।

प्राचिन मण्डलीको कार्यको बारेमा अझ बढी जान्न तपाईको बाइबलमा प्रेरितको पुस्तक पढ्नुहोस् । प्राचिन मण्डलीका केही मुख्य कृयाकलापहरु भेटाउनुहुनेछ :

**प्रेरित १:१—१३** —स्वर्गरोहण हुनुभन्दा पहिले येशूले आफ्ना चेलाहरुलाई उहाँको साक्षी हुनु पर्नेछ भन्नुहुन्छ ।

**प्रेरित** २:४२—४७—प्राचिन मण्डलीका सदस्यहरु एकसाथ मिलेर प्रार्थना र कार्य गर्दथे ।

**प्रेरित ११:१९—३०** —विश्वासीहरु प्रथम पटक एन्टिओखियाको शहरमा इसाई भनिएका हुन् ।

**प्रेरित** १७:१०—१४ — बेरिया शहरका विश्वासीहरु "हरेक दिन होसियारी पूर्वक वचन अध्ययन गर्दथे ।

**अध्याय दुइ का प्रश्नको उत्तर :**
१. साक्षी, २. यहूदी, ३. अन्यजातिहरु, ४. विश्वास, येशूखीष्ट, ५. नष्ट गर्नु, ६. फैलाउनु, विस्तार, ७. कन्स्टेनटाइन, इसाई, ८. इसाईत्व, ९. नष्ट गर्नु, १०. झूटा, ११. सार, विश्वास १२. प्रेरितहरु, १३. प्रेरितहरु, बाइबल, १४. पिता, १५. येशूखीष्ट, १६. पवित्रआत्मा, १७. येशू, १८. पिता, १९. मर्नुभयो, छुट्कारा, २०.विश्वास, स्वर्ग, २१. नाइसिन, २२. समान्, २३. एक, २४. पवित्र बाइबल, २५. येशू, प्रेरितहरु, २६. सन्तान, स्वीकार ।

## अध्याय दुइ को पुनरावलोकन

समयको शुरुबाट नै पुरानो नियममा परमेश्वरको मण्डली उपलब्ध छ । नयाँ नियमको इसाई मण्डलीको सस्थापक, ख्रीष्ट, परमेश्वरको पुत्र हुनुहुन्छ । येशू ख्रीष्टले आफ्ना चेलाहरुलाई संसारमा उहाँको साक्षी हुनलाई भन्नुभयो । तिनीहरु सुसमाचार प्रचार गर्न गएका थिए । तिनीहरुले यहूदी र अन्यजातिहरुलाई बराबर सिकाए । पावल प्रेरित यूरोपको देशमा पुग्ने सबभन्दा ठूलो मिसनरी भए ।

शैतानले परमेश्वरको मण्डलीलाई नष्ट पार्ने कोशिस गर्दै थियो । सतावटले मण्डलीमा प्रवेश गरिसकेको थियो तर त्यही सतावटकोकारले मात्र मण्डली नयाँ शहरहरुमा र देशहरुमा विस्तार भएको थियो । त्यसपछि शैतानले झूटा शिक्षक र शिक्षाद्वारा मण्डली नष्ट पार्ने कोशिस गरेको थियो । यसको कारणले इसाई मण्डलीले मण्डली केमा विश्वास गर्छ भनि यसको बारेमा विश्वासको सार र विवरणहरु लेखेको थियो । यी सारहरु परमेश्वर र उहाँको कार्यको बारेमा बाइबलमा आधारित थिए ।

प्रेरितहरुको विश्वासको सार अत्यधिक प्रचलित सार हो । यसले परमेश्वर पिताको बारेमा हामीलाई सिकाउछ जसले हामीलाई सृजनु र हेरविचार गर्नुहुन्छ । यो सारले पनि परमेश्वरको एक मात्र पुत्रको बारेमा हामीलाई सिकाउछ, येशू ख्रीष्ट हाम्रो मुक्तिदाता जसले सिद्ध जीवन जिएर हाम्रो पापहरुको लागि सजाय भोग्नु भएको थियो । प्रेरितहरुको विश्वासको सारको तेस्रो खण्डले हामीलाई पवित्र आत्मा एक हुनुहुन्छ जसले हामीलाई विश्वासमा ल्याउनु हुन्छ र

हामीलाई स्वर्गको नेतृत्व गर्नुहुन्छ । यो सारलाई प्रेरितहरुको विश्वासको सार भन्दछन् किनभने यो प्रेरितहरुको शिक्षामा आधारित छ जो बाइबलमा उपलब्ध छ । प्रेरितको विश्वासको सार जस्तै अरु दुइ वटा विश्वासका सारहरु छन् नाईसिनको सार र एथानेसियनको सार इसाई मण्डलीद्वारा सारा संसारभरि यो सिकाइन्छ । यी तीनवटै सारहरु बाइबलको शिक्षामा आधारित छन् । हरेक परमेश्वरका सन्तानले के विश्वास गर्छन् यी सारहरुले सिकाउछ ।

## अध्याय दुइ को जाँच

१. येशू मृतकबाट उठ्नु भएपछि र स्वर्गमा चढी जानु भन्दा अघि उहाँले आफ्ना चेलाहरुलाई भन्नुभयो, “तिमीहरु मेरा ______________________________ हुनेछौं ।”

२. येशूका चेलाहरुले प्रभुको निर्देशन पालन गरेका थिए र मानिसहरु कसरी ______________________________ ____________________________ बचाइएका छन् भन्ने बारे प्रचार गर्दै र सिकाउदै गए

३. रोमी शासकहरुले येशू ख्रीष्टको मण्डलीलाई ______________ _________________कोशिस गरे ।

४. मण्डली नष्ट हुनुको सट्टा सतावटको कारण मण्डली ______________________________ भयो

५. शैतानले हरेक प्रकारले परमेश्वरको मण्डलीलाई ______________________________.पार्ने कोशिस गरेको छ ।

६. इसाई अगुवाहरुले _____________ _________________ लेखे अथवा शैतानको झूटा शिक्षा माथि विजय प्राप्त गर्न मण्डलीले के __________________________ पर्ने हो विवरणहरु लेखे ।

७. विश्वासको सार हाम्रो लागि अध्याधिक प्रख्यात छ त्यसलाई ___________________ विश्वासको सार भन्दछन् ।

८. विश्वासको सारको प्रथम खण्डले परमेश्वर ______________________________ को बारेमा भन्दछ

९. दोस्रो र लामो विश्वासको सारको यो खण्डले ____________________________ परमेश्वर पिताको एक मात्र पुत्र, हाम्रो प्रभुको बारेमा भन्दछ ।

१०. तेस्रो यो विश्वासको सारको खण्डले परमेश्वर ____________ _______________ को बारेमा भन्दछ ।

११. परमेश्वर ____________________________ ले हामीलाई सृजनु हुन्छ र हाम्रो हेर विचार गर्नुहुन्छ ।

१२. येशू ख्रीष्ट मानव हुनुभयो र हाम्रो लागि ____________________________ भयो र हामीलाई ____________________________ दिनुभयो ।

१३. पवित्रआत्माले हामीलाई __________________________ ल्याउनु हुन्छ र ____________________ डोऱ्याउनु हुन्छ ।

(यी प्रश्नको उत्तर पे. नं. ८५ मा पाउनुहुनेछ) ।

# अध्याय तीन

## मण्डलीमा सुधार

यो अध्यायमा हामी एक जना मार्टिन लुथर नाम गरेका व्यक्तिको बारेमा सिक्न चाहान्छौं जसले १५१७ को बर्षको शुरुमा मण्डलीमा सुधार ल्यायो र त्यो सुधारले आज हामीमा के असर पारेको छ । हामी त्यसको बारेमा सिक्नेछौं :

* मण्डली इतिहासको कालमा मण्डलीको शिक्षालाई के प्रभाव पाऱ्यो ।
* मार्टिन लुथर को थिए र उनले के सिकाए, र
* कसरी सारा संसारमा लुथरन मण्डली फैलियो ।

हामीले मण्डलीको शिक्षा बाइबलमा आधारित थियो भनेर सिक्यौं । येशू ख्रीष्टले इसाई मण्डलीको स्थापना गर्नु भयो । येशू हाम्रो संसारमा हाम्रो मुक्तिदाता हुन आउनुभयो । उहाँले पाप रहित सिद्ध जीवन जिउनु भयो उहाँ हाम्रो पापको लागि सजाय भोग्न क्रूसमा एउटा निर्दोष मृत्युमा मर्नुभयो । येशूले हाम्रो लागि जे गर्नुभयो परमेश्वरले स्वीकार गर्दै येशूलाई मृतकबाट बौरी उठाउनु भयो । परमेश्वरले हामीलाई धर्मी ठहऱ्याउनु भयो । धर्मी ठहऱ्याउनुको अर्थ यो हो कि येशूले जे गर्नुभयो त्यसकारण हाम्रा पापहरु क्षमा भएका छन् । "उहाँ हाम्रा अपराधहरुका निम्ति मारिनुभयो, र हामीलाई धर्मी तुल्याउनलाई जीवित पारिनुभयो ।" (रोमी ४:२५)

१. येशू ख्रीष्टले इसाई मण्डली ______________ भयो ।


२. येशू संसारमा हाम्रो ____________ हुन आउनुभयो ।

३. येशूले पाप रहित ________________ जीउनु भयो ।

४. __________________________ पापको सजाय भोग्न येशूले क्रूसमा एउटा निर्दोष मृत्यु मर्नुभयो ।

(यी प्रश्नको उत्तर पे. नं. ४४ मा पाउनुहुनेछ) ।

हामीले शैतानले मण्डलीलाई नष्ट गर्न झूटा शिक्षाद्वारा प्रयत्न गरेको छ भनेर सिक्यौं । केहि झूटा शिक्षकहरुले येशू परमेश्वरको पुत्र हुनुहुन्छ भनेर विश्वास गरेका थिएनन् । तिनीहरुले यो झूटा शिक्षालाई सिकाए यद्यपि बाइबलले हामीलाई येशू परमेश्वरको पुत्र हुनुहुन्छ भनि



क्रूसमा येशू ।

स्पष्ट रुपमा भन्दछ । जब येशूले बप्तिस्मा लिनुभएको थियो, परमेश्वर स्वर्गबाट बोलिरहनु भएको थियो, परमेश्वरले भन्नुभयो, “यिनी मेरा प्रिय पुत्र हुन्, यिनी सँग म अति प्रसन्न छु ।” (मत्ती ३:१७) रोमी १:३,४ ले स्पष्ट भन्छ, “यो सुसमाचार परमेश्परका पुत्रको विषयमा हो, जसको जन्म शरीर अनुसार दाउदको वंशबाट भएको थियो । येशू ख्रीष्ट हाम्रा प्रभु मरेकाहरुबाट पुनरुत्थान भएर पवित्रताको आत्मा अनुसार शक्तिमा परमेश्वरका पुत्र ठहरिनुभयो ।” झूटा शिक्षाले परमेश्वरको मण्डलीलाई विकृत पाऱ्यो । मण्डलीको इतिहासको शुरुदेखि नै अरु धेरै झूटा शिक्षाले मण्डली भित्र प्रवेश गरिसकेको थियो ।


५. शैतानले मण्डलीलाई नष्ट पार्न ____________________ शिक्षाद्वारा प्रयप्त गरेको छ ।

६. केहि ______________________ शिक्षकहरुले येशू परमेश्वरको ______________________ हुनु हुन्छ भनेर विश्वास गरेका थिएनन् ।

७. ______________________________ स्पष्ट भन्छ कि येशू परमेश्वरको पुत्र हुनुहुन्छ ।

८. झूटा शिक्षाले परमेश्वरको मण्डलीलाई ______________________________ गरि सकेको थियो ।

(यी प्रश्नको उत्तर पे. नं. ४४ मा पाउनुहुनेछ) ।



येशूले बप्तिस्मा लिनुभयो ।

शताब्दीयौं बितेर गए मण्डली बढ्दै गयो । यो पूर्विय र पश्चिमी मण्डलीमा विभाजन भयो । पश्चिमी मण्डली रोमन क्याथोलिक मण्डलीले चिनियो । मण्डलीको पश्चिमी भागको नेतृत्व पोप भनिने एकजना मानिसबाट गरियो । रोमन क्याथोलिक मण्डलीले यो सिकाउथे कि येशूमा विश्वासले परमेश्वरको परिवारको एक भाग हुन प्रयाप्त थिएन भनेर । यसले परमेश्वरको अनुग्रहका अतिरिक्त निश्चित काम र कार्य गरिनलाई हो भनेर सिकाउथ्यो ।

मार्टिन लुथर नाम गरेका एक व्यक्तिद्वारा मण्डलीको सुधार भयो र उनले मण्डलीलाई बाइबलको शिक्षामा फिर्ता ल्याए । मार्टिन लुथर जमर्नी देशमा जन्मेका थिए । उनी एउटा रोमन क्याथोलिक पूजाहारी भए । जे भए पनि उनले जब रोमी १:१७ पढदा थाहा पाए, “सुसमाचारले देखाउछ कि कसरी परमेश्वरले मानिसलाई आफूसँगै धर्मी ठहऱ्याउनु हुन्छ । आदि देखि अन्तसम्म परमेश्वरसँग धर्मी ठहरिनलाई व्यक्तिको विश्वासमा भर पर्दछ । यस्तो लेखिएको छ, “धर्मी चाहिँ विश्वासद्वारा नै जिउनेछ ।” लुथरको समयको मण्डलीको शिक्षा बाइबलको यी वचन सँग सहमत थिएन जसले भन्छ हामी येशूमा विश्वासद्वारा मात्रै बचाइएकाछौं । वास्तवमा, लुथरको दिनमा त्यहाँ मण्डलीमा एकजना व्यक्ति थिए जो जमर्नीमा आउथे र मानिसहरुलाई तिनीहरुका पाप क्षमाका लागि किन्न सक्छन् भनि सिकाउथे । उनी मानिसहरुलाई तिनीहरुका पाप क्षमा भएका छन् भनेर निश्चित गराउन कागजका टुक्रा बेच्दथे । बाइबलले भनेको कुरा मार्टिन लुथरलाई थाहा थियो हामी

विश्वासद्वारा बचाइएका छौं, न कि हाम्रो कर्मद्वारा अथवा क्षमादानलाई पैसाद्वारा किनेर । त्यसकारण अक्टुवर ३१, १५१७ मा उनले ९५ वटा सोधपत्रहरुलाई वीट्टेनवर्ग जर्मनीमा, मण्डलीलाई उसको पापको पश्चात्तापको लागि सोधपुछ गर्दै क्यास्टल मण्डलीको ढोकामा झुण्ड्याए । यो दिनलाई सुधार आन्दोलनको दिन भनेर जानिन्छ, त्यो दिन लुथरले मण्डली सुधार गर्नलाई शुरु गरे ।

९. यी एउटा _____________ _____________ नाम भएका व्यक्ति थिए जसले मण्डलीलाई ___________ गरे ।

१०. मार्टिन लुथरले ____________________________ को शिक्षा अनुसार मण्डलीलाई फिर्ता ल्याए ।

११. मार्टिन लुथर _________________________ देशमा जन्मेका थिए ।

१२. रोमी १:१७ को पढाईद्वारा मार्टिन लुथरले सिके कि हामी ____________________________ द्वारा परमेश्वरसँगै धर्मी ठहऱ्याईएका छौं ।

१३. कुन मितिमा लुथरले ९५ वटा सोधपत्रहरु वीट्टेनवर्ग जमर्नीमा क्यास्टल मण्डलीको ढोकामा झण्ड्याका थिए र सुधार आन्दोलन शुरु भएको थियो ? ________________।

(यी प्रश्नको उत्तर पे. नं. ४४ मा पाउनुहुनेछ) ।

मण्डलीका अधिकारीहरुले लुथरलाई जे उनले लेखेका थिए र भनेका थिए त्यो फिर्ता लिन सोधे । जे भए पनि पवित्र रोमी सम्राट र रोमन क्याथोलिक मण्डलीका अधिकारीहरुका उपस्थितिको अगाडि खडा भएर लुथरले भने, "म सक्दिन र जे मैले लेखेको छु फिर्ता लिदिन । यहाँ म खडा छु । म अरु केहि गर्न सक्दैन । परमेश्वर मलाई सहायता गरुन् ।" लुथर मण्डली बाट निस्कासन गरिए । वार्टवर्ग क्यास्टल जर्मनीमा उनी लुक्न गए । त्यहाँ उनले जर्मनी भाषामा नयाँ नियम अनुवाद गरे ताकि मानिसहरु तिनीहरुको आफ्नो भाषामा बाइबल पढ्न सकुन् । १००० बर्ष पछि बाइबल लेटिन भाषामा प्रकाशित भएको थियो जसलाई अत्यधिक मानिसले पढ्न र बुझ्न सक्दैनथे । पछि लुथर वीट्टेनवर्गको शहरमा त्यहाँको विश्वविद्यायलयको प्राध्यापकको रुपमा फिर्ता आए । बाइबलको शिक्षाको बचाउमा उनले धेरै पुस्तकहरु लेखे । उनले सानो र ठूलो प्रश्नोत्तर लेखे । उनले धेरै भजनहरु लेखे ती अझै आज पनि लुथरन मण्डलीहरुमा गाइन्छन् ।

१४. लुथरले ____________________________ भाषामा नयाँ नियम अनुवाद गरे ताकि मानिसहरु तिनीहरुको आफ्नो भाषामा बाइबल पढ्न सकुन् ।

१५. लुथरले बाइबलका शिक्षाको बचाउमा धेरै ____________________________ लेखे ।

१६. लुथरले धेरै ______________________ लेखे ती अझै पनि लुथरन मण्डलीहरुमा गाइन्छन् ।

(यी प्रश्नको उत्तर पे. नं. ४४ मा पाउनुहुनेछ) ।

लुथरको शिक्षा बाइबलमा आधारित छ, यो धेरै छिटो फैलियो र यूरोप बाट धेरै लुथरन मण्डलीहरु शुरु भएका थिए । पछि गएर लुथरन मण्डलीको शिक्षा एशिया, अफ्रिका, उत्तर र दक्षिण अमेरिका र अस्ट्रेलिया सम्म फैलियो । आज संसारभरी चारैतिर लुथरन मण्डलीहरु उपलब्ध छन् ।

दुर्भाग्यवस, आज सबै लुथरन मण्डलीहरुले बाइबल परमेश्वरको प्रेरणाद्वारा भएको हो र त्रुटि रहित छ भनि विश्वास गर्दैनन् । केहि लुथरन मण्डलीहरुले येशूले आश्चर्यकर्म गरेको अथवा मृतकबाट बौरी उठ्नु भएको कुरालाई विश्वास गर्दैनन् । तिनीहरु वचनको सत्य शिक्षाबाट अलग्गिएका छन् । अझै त्यहाँ अरु स्वीकारीय लुथरन मण्डलीहरु पनि वचनको शिक्षामा दृढ खडा छन् । हामी निश्चित हुनुपर्छ कि हामी त्यस्तो प्रकारको एउटा स्वीकारीय लुथरन मण्डलीसँग सम्बन्धीत छौं हामीले बाइबलका शिक्षाहरुमा विश्वास गर्नुपर्दछ र स्वीकार गनुपर्दछ । हामी येशूको शिक्षामा इमानदार हुन आवश्यक छ ।

१७. लुथरको शिक्षा ______________________ आधारित छ यो धेरै छिटो फैलियो ।

१८. आज संसारभरी ___________________________
लुथरन मण्डलीहरु उपलब्ध छन् ।

१९. सबै लुथरन मण्डलीहरु बाइबल परमेश्वरद्वारा
___________________________ भएको हो र
________________________ छ भनि विश्वास गर्दैनन् ।

२०. त्यहाँ स्वीकारीय लुथरन मण्डलीहरु अझ पनि
______________________ को शिक्षामा दृढ खडा छन् ।

२१. हामी निश्चित हुनुपर्छ कि हामी त्यस्तो प्रकारको
एउटा ___________________________ लुथरन मण्डलीसँग
सम्बन्धीत छौं ।

२२. हामीलाई बाइबलमा उपलब्ध ___________________
मा खडा हुन आवश्यक छ ।

२३. हामीलाई येशूको शिक्षामा ___________ __________
__________________ हुन आवश्यक छ ।

(यी प्रश्नको उत्तर पे. नं. ४४ मा पाउनुहुनेछ) ।

# अध्याय तीनको पुनरावलोकन

जब परमेश्वरको मण्डली संसारको शुरुवात देखि नै विध्यमान रहदै आएको छ, इसाई मण्डली येशूको शिक्षा र बाइबलमा आधारित निर्मित थियो । मण्डलीको इतिहासको समयमा नै यो बढ्दै गयो र अन्तमा यो पूर्विय र पश्चिमी मण्डली भनेर दुइ वटा मुख्य भागमा विभाजन भयो पश्चिमी मण्डलीलाई रोमन क्याथोलिक मण्डली भनिन्छ । यो चाहि पोपद्वारा नेतृत्व गरिन्छ । वर्षै बित्दै जादा यो मण्डलीभित्र झूटा शिक्षाले प्रवेश गऱ्यो । जसको फलस्वरुप मण्डलीमा विकृति बढ्यो । एक जना मार्टिन लुथर नाम गरेका व्यक्तिले येशू र बाइबलको शिक्षालाई मण्डलीमा फिर्ता ल्यायो । उनले मण्डलीको सुधार गरे । मार्टिन लुथर जर्मनीको देशमा जन्मेका थिए । अनि रोमन क्याथोलिक मण्डलीका पूजाहारी भए । जब उनले बाइबल अध्ययन गरे उनले रोमी १:१७ मा सिके कि हामी विश्वासद्वारा येशू ख्रीष्टमा बचाइएका छौं । त्यो समय मण्डलीले सिकाउथ्यो कि जब परमेश्वरले हामीलाई उहाँको अनुग्रह देखाउनु भयो, हामीले परमेश्वरलाई सधैं सहायता र असल कार्यहरु गरेर मद्दत गर्नुपर्थ्यो । त्यहाँ एकजना व्यक्ति मण्डलीबाट थिए जुन जर्मनी आएका थिए र कागजका टुक्राहरुले मानिसहरुका पापहरुका क्षमादान दिन्छ भनेर उनले ती बिक्री गरे । लुथरलाई थाहा थियो कि हामी हाम्रो क्षमादान किन्न सक्दैनौं भनेर । उनलाई थाहा थियो कि हामी परमेश्वरको अनुग्रहद्वारा मात्र बचाइएका छौं । रोमन क्याथोलिक मण्डलीलाई पश्चात्तापको माग

राख्दै उनले अक्टुवर ३१, १५१७ मा ९५ वटा सोधपत्रहरु लेखे । उनले लेखेका कुरालाई फिर्ता लिन उनलाई सोधिएको थियो तर उनले फिर्ता लिएनन् । उनले बाइबलको शिक्षाम खडा हुनु थियो । लुथरले धेरै पुस्तकहरु र भजनहरु लेखे ।

लुथरन मण्डली बढ्दै गए र संसारको चारैतिर उपलब्ध छन् । जे भए पनि समय बित्दै जाँदा केहि लुथरन मण्डलीहरु बाइबलको शिक्षाबाट अलग्गिए । बाइबल परमेश्वरको वचन हो भनेर तिनीहरु विश्वास गर्दैनन् । येशू मृतकबाट बौरी उठ्नु भएको र उहाँ बचाइनको लागि एक मात्र बाटो हुन् भनेर तिनीहरु विश्वास गर्दैनन् । त्यहाँ स्वीकार्य लुथरन मण्डलीहरु छन् जसले बाइबल परमेश्वरको प्रेरणाद्वारा भएको हो र त्रुटि रहित छ भनेर विश्वास गर्छन् । स्वीकारीय लुथरन मण्डलीले येशूले आश्चर्यकर्म गरेको र उहाँ मृतकबाट बौरी उठ्नु भएको विश्वास गर्छन् । हामी त्यस्तो प्रकारको स्वीकारीय लुथरन मण्डलीको सदस्यहरु हुन चाहन्छौं ।

अध्याय तीन **का** प्रश्**न**को उत्तर :
१. बनाइएको, २. मुक्तिदाता, ३. सिद्ध, ४. हाम्रो, ५. झूटो,
६. झूटो, पुत्र, ७. बाइबल, ८. विकृत, ९. मार्टिन लुथर, सुधारिएको,
१०. बाइबल, ११. जर्मनी, १२. विश्वास, १३. अक्टुवर ३१, १५१७,
१४. जर्मन, १५. पुस्तकहरु, १६. भजनहरु, १७. बाइबल, १८. चारैतिर
१९.प्रेरणा, त्रुटि, २०. वचन, २१. स्वीकारीय, २२. शिक्षा, २३. विश्वास योग्य, इमानदार ।

## अध्याय तीन को जाँच

१. इसाई मण्डली येशूद्वारा ______________ को थियो ।

२. येशू संसारमा हाम्रो ____________ हुन आउनु भयो ।

३. शैतानले मण्डलीलाई नष्ट गर्न ___________________ शिक्षाद्वारा प्रयत्न गरेको छ ।

४. केही ____________________ शिक्षकहरुले येशू परमेश्वरको ___________________ हुनुहुन्छ भनेर विश्वास गरेका थिएनन् ।

५. ____________________ स्पष्ट भन्छ कि येशू परमेश्वरको पुत्र हुनुहुन्छ ।

६. मार्टिन लुथरले ______________________ को शिक्षा अनुसार मण्डलीलाई फिर्ता ल्यायो ।

७. रोमी १:१७ को पढाईद्वारा मार्टिन लुथरले सिके कि हामी ____________________ द्वारा परमेश्वर सँगै धर्मी ठहऱ्याइएका छौं ।

८. आज संसारभरी __________________ लुथरन मण्डली उपलब्ध छन् ।

९. त्यहाँ स्वीकारीय लुथरन मण्डली अझ पनि ______________________ को शिक्षामा दृढ खडा छन् ।

१०. हामीलाई येशूको शिक्षामा _______________ ___________________ हुन आवश्यक छ ।

(यी प्रश्नको उत्तर पे. नं. ८५ मा पाउनुहुनेछ) ।



परमेश्वरले मोसालाई दश आज्ञाहरु दिनुभयो ।

# अध्याय चार
# लुथरन मण्डलीको शिक्षा

हामीले सिक्यौं कि एउटा स्वीकारीय लुथरन मण्डली एक हो जसको शिक्षाको आधार बाइबलमा छ । बाइबलले हामीलाई सिकाउछ कि येशू ख्रीष्टमा विश्वासद्वारा परमेश्वरको अनुग्रहद्वार हामी बचाइएका छौं । त्यसकाण, यो अध्यायमा जस्तो हामीले लुथरन मण्डलीको शिक्षा अध्ययन गर्‍यौं, हामी सिक्न चाहान्छौं :

* हामी वचनद्वारा मात्र बचाइएका छौं,
* हामी परमेश्वरको अनुग्रहद्वारा मात्र बचाइएका छौं,
* हामी येशू ख्रीष्टमा विश्वासद्वारा मात्र बचाइएका छौं र

* भूटा सिद्धान्तको शिक्षा सिकाउनेहरु सँग एउटा स्वीकारीय मण्डली र यसका सदस्यहरुले संगति गर्दैनन् ।

**हामी वचनद्वारा मात्र बचाइएका छौँ ।**

लुथरन शिक्षाको आधार के हो ? उहाँ परमेश्वर हुनुहुन्छ जसले हामी रहेको संसार रच्नुभयो र हामीलाई पनि सृष्टि गर्नुभयो भनि कहाँ हामी त्यो सिक्छौँ ? परमेश्वरको सामुन्ने हामी पापी छौँ भनेर कहाँ हामी त्यो सिक्छौँ ? येशू ख्रीष्टको विषयमा कहाँ हामी सिक्छौँ ? पवित्र आत्मा र उहाँले हामीलाई परमेश्वरको सन्तान बनाउनु भएको बारे हामी कुन ठाउँ बाट सिक्छौँ ?

हामी यी प्रश्नहरुको उत्तर हाम्रो मष्तिस्क बाट वा हाम्रो सोचाई बाट थाहा पाउन सक्दैनौं । न त यी प्रश्नहरुको उत्तर समाचार पत्र बाट अथवा एउटालाई सामन्य पुस्तकबाट भेटाउन सक्छौं । हामी यी प्रश्नहरुको उत्तर सिक्न केवल एउटा राम्रो स्रोतबाट परमेश्वरले हाम्रो लागि जे गर्नुभयो त्यो बाइबलको हो । बाइबल मात्र एक ख्रीष्टियान शिक्षाको स्रोत हो ।

१. परमेश्वरले हामीलाई के गर्नुभयो?
हामी यी प्रश्नहरुको उत्तर पाउनलाई केवल एक मात्र स्रोत त्यो ______________________________ हो ।

२. बाइबल ___________________________ ख्रीष्टियान शिक्षाको श्रोत हो ।

(यी प्रश्नको उत्तर पे. नं. ६५ मा पाउनुहुनेछ) ।

स्वीकारीय लुथरन मण्डलीको शिक्षाको श्रोत बाइबल हो । भजनसंग्रह ११९:१०५ ले हामीलाई भन्छ, "तपाईका वचन मेरा गोडाका निम्ति बत्ती, र मेरो बाटोको निम्ति उज्यालो हो ।" जब हामी एउटा शहरमा प्रवासी हुन्छौं अथवा हामी आफ्नो बाटो त्यो शहरमा गुमाउछौं हामीले जहाँ जानु पर्ने हो त्यहाँको बासिन्द कसैलाई सोध्छौ र त्यसले गल्ली अथवा सडकको बारेमा हामीलाई भन्नेछ । जब यो एउटा अन्धकार रात्री छ, हामीले कहाँ जानु पर्ने हो त्यो बाटो देखाउनलाई बत्ती प्रयोग गर्न सक्छौं ताकि लड्न नसकु र चोट नपुगोस् । बाइबलले पनि हाम्रो लागि त्यस्तै गर्छ । हामी पापमा हराएका थियौं तर परमेश्वरले हामीलाई स्वर्गको बाटो बाइबलमा देखाउनु हुन्छ । यो वचन हो कि यसले भन्छ, "तर अब त व्यवस्था विना परमेश्वरबाट आउने धार्मिकता प्रकट भएको छ । येशू ख्रीष्टमा विश्वास गर्ने सबै माथि परमेश्वरको धार्मिकता विश्वासद्वारा प्रकट भएको छ ।" (रोमी ३:२१,२२) वचनको मुख्य दुइ वटा शिक्षाको बारे यी शब्दहरुले भन्छ व्यवस्था र सुसमाचार ।

३. हामी पापमा हराएका थियौं तर परमेश्वरले हामीलाई ____________________ बाटो ______________________ मा देखाउनु हुन्छ ।

४. वचनको मुख्य दुइवटा शिक्षा ____________________ र ________________________ हुन् ।

(यी प्रश्नको उत्तर पे. नं. ६५ मा पाउनुहुनेछ) ।

व्यवस्थाले हामीलाई हाम्रो पापहरु देखाउछ र सुसमाचाले हामीलाई हाम्रो उद्धारकर्ता देखाउछ । केवल एउटै स्थानमा जहाँ हामी परमेश्वरको व्यवस्था र सुसमाचारको बारेमा सिक्छौं त्यो वचनमा छ । यूहन्ना १ अध्याय पद १७ को सुसमाचारले हामीलाई याद गराउछ, "किनभने व्यवस्था मोशाद्वारा दिइयो, अनुग्रह र सत्यता चाहिँ येशू ख्रीष्टद्वारा आए ।"

पुरानो र नयाँ नियमका लेखकहरुमा परमेश्वरले तिनीहरुमा लेख्नु पर्ने प्रत्येक शब्द हालिदिनुभयो । वचनहरु परमेश्वरका शब्द हुन् मानवका होइनन् । "सर्वप्रथम तिमीहरुले यो बुझ्नु पर्दछ, कि पवित्र धर्मशास्त्रको कुनै अगमवाणी व्यक्तिगत व्याख्याको विषय होइन किनकि मानिसको इच्छाबाट कुनै अगमवाणी आएन, तर पवित्र आत्मा बाट प्रेरणा पाएर मानिसहरुले परमेश्वरको तर्फबाट बोलेका हुन् ।" (२ पत्रुस १:२०,२१) त्यसकारण येशूले यो भन्न सक्नुहुन्छ, "तिनीहरुलाई सत्यमा पवित्र पारिदिनुहोस्, तपाईको वचन सत्य हो ।" (यूहन्ना १७:१७) धेरै मानिसहरु र मण्डलीहरु तिनीहरु आफ्नो सोचाइलाई प्रयोग गर्दछन् र परमेश्वरको वचनमा थप्दछन् । तर परमेश्वरको वचन मात्र एउटा बाटो हो । जसले स्वर्ग कसरी जान सकिन्छ भनेर हामीलाई सिकाउछ । परमेशवरको वचनले जे भन्छ त्यसलाई हामीले थप्न र घटाउन सक्दैनौं ।



ज्योतीषीहरुले येशूलाई आराधना गरे ।

५. ______________________ले हामीलाई हाम्रो पापहरु देखाउछ र ______________________ले हामीलाई हाम्रो उद्धारकर्ता देखाउछ ।

६. केवल एउटै स्थानमा जहाँ हामी परमेश्वरको व्यवस्थाको बारेमा सिक्छौं र सुसमाचार _________________मा छ ।

७. वचन _______________________का शब्द हुन् र ________________________ का होईनन् ।

८. परमेश्वरको वचन मात्र एउटा बाटो हो जसले हामीलाई ___________________________कसरी जान सकिन्छ भनेर सिकाउछ ।

९. परमेश्वरको वचनले जे भन्छ त्यसलाई हामीले ___________________________ र घटाउन सक्दैनौं ।

(यी प्रश्नको उत्तर पे. नं. ६५ मा पाउनुहुनेछ) ।

एउटा स्वीकारीय लुथरन मण्डलीले हामीलाई सिकाउछ :

१. बाइबल परमेश्वरको वचन हो ।
२. परमेश्वरको वचन सत्य हो ।
३. साँचो यो हो कि हामी पापी छौं र हामी येशूद्वारा मात्र बचाइएका छौं ।
४. परमेश्वरको सत्यता बाट हामी थप्न वा घटाउन सक्दैनौं ।
५. सत्यता यो हो कि वचनले हामीलाई जे सिकाउछ त्यसैद्वारा मात्र हामी बचाइएका छौं ।

**हामी परमेश्वरको अनुग्रहद्वारा मात्र बचाइएका छौं ।**

केहि मानिस परमेश्वरसँग धर्मी ठहरीन र स्वर्ग जानलाई परमेश्वरको व्यवस्था पालनद्वारा र परमेश्वरले दश आज्ञामा जे हामीलाई दिनुभएको छ त्यो पालन गरेर प्राप्त गर्छन. भन्ने सोच्दछन् । केहि मानिस सोच्दछन् कि असल कार्यद्वारा तिनीहरु स्वर्ग प्राप्तीको लागि परमेश्वरलाई सहायता गरिरहेछन् । तर बाइबलले हामीलाई भन्छ हामी परमेश्वरको अनुग्रहद्वारा मात्र बचाइएका छौं ।

परमेश्वरको अनुग्रह उहाँले हामीलाई देखाउनु भएको त्यो प्रेम हो जसको योग्यको हामी छैनौं ।
परमेश्वरको व्यवस्था पालन गरेर हामी स्वर्ग प्राप्त गर्न सक्दैनौं । बाइबलले हामीलाई भन्छ, “किनकि सबैले पाप गरेका छन् र परमेश्वरको महिमा सम्म पुग्नबाट चुकेका छन् । परमेश्वरका अनुग्रहको वरदानले ख्रीष्ट येशूमा भएको उद्धारबाट तिनीहरु सित्तैमा धर्मी ठहरिएका छन् ।” (रोमी ३:२३,२४) बाइबलको पदले हामीलाई याद गराउछ कि हामी सबै पापी छौं र परमेश्वरले हामीलाई जे गरेको चाहनु हुन्छ हामी त्यो नापसम्म पुग्न सक्दैनौं । यो पदले पनि हामीलाई भन्छ कि यो परमेश्वरको अनुग्रह हो यसले हामीलाई उहाँसँग धर्मी ठहऱ्याउनु हुन्छ । परमेश्वरको अनुग्रह सित्तैमा हो । यो एउटा उपहार हो । यदि तपाईले तपाईको साथी बाट एउटा उपहार पाउनुभयो भने तपाईले त्यो उपहारको मुल्य चुकाउनु पर्दैन । यो तपाईलाई सित्तैमा हो कुनै मोल तिर्नु पर्दैन । परमेश्वरको अनुग्रह

पनि त्यहि प्रकारको हो । हामी परमेश्वरको प्रेमको र मुक्तिको योग्यका छैनौ तर परमेश्वरले यो हामीलाई विना मोल तिरेर सित्तैमा दिनुहुन्छ । किनभने हामीले परमेश्वरको विरुद्धमा पाप गरेका छौं हामी यो मुक्तिको उपहारलाई पाउन योग्य छैनौ तर परमेश्वरले यो हामीलाई दिनुहुन्छ किनभने उहाँले हामीलाई प्रेम गर्नुहुन्छ । प्रेरित पावलले हामीलाई लेख्छन्, "किनभने अनुग्रहबाट विश्वासद्वारा तिमीहरुले उद्धार पाएका छौ र यो तिमीहरु आफैबाट होईन, यो त परमेश्वरको वरदान हो कर्महरुद्वार होईन ।" (एफिसी २:८,९) हामी पापको लागि मृत्युको डरबाट र अनन्त नरकबाट स्वतन्त्र पारिएका छौं किनभने परमेश्वरको अनुग्रह पूर्ण र प्रशस्त छ ।

१०. परमेश्वरको ____________________ उहाँले हामीलाई देखाउनु भएको त्यो प्रेम हो जसको योग्यको हामी छैनौं ।

११. परमेश्वरको _______________________ पालन गरेर हामी स्वर्ग प्राप्त गर्न सक्देनौं ।

१२. परमेश्वरको वरदान ____________________ हो ।

(यी प्रश्नको उत्तर पे. नं. ६५ मा पाउनुहुनेछ) ।

परमेश्वरले हाम्रो लागि महान प्रेम उहाँको पुत्र, येशू ख्रीष्टद्वारा हामीलाई देखाउनु भयो । परमेश्वर पिताले प्रेममा हामीलाई बचाउन येशूलाई संसारमा पठाउनु भयो । किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि

उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँ माथि विश्वास गर्ने कोही पनि नाश नहोस् तर त्यसले अनन्त जीवन पाओस् ।" (यूहन्ना ३:१६) यी त्यही येशू हुनुहुन्थ्यो जो हाम्रो संसारमा हाम्रो लागि एउटा सिद्ध जीवन जिउन आउनु भएको थियो । परमेश्वरले भनेबमोजिमको सिद्ध जीवन हामी जिउन सक्दैनौं । तर येशूले जीउनुभयो । उहाँमा कुनै दोष भेटाईएको थिएन । "किनकि हाम्रा प्रधान पूजाहारी हाम्रो दुर्बलतामा हामीसँग सहानुभूति देखाउन नसक्ने हुनुहुन्न । तर हामी जस्तै उहाँ सबै कुरामा परीक्षित हुनुभयो र पनि पाप रहित हुनुहुन्थ्यो ।" (हिब्रू ४:१५) यी तिनै येशू हुनुहुन्थ्यो जसले हाम्रा पापहरुको लागि जब क्रूसको मृत्युमा सजाय भोग्नु भयो । "र उहाँका पुत्र येशूको रगतले हामीलाई सबै पापबाट शुद्ध पार्छ ।" (१यूहन्ना १:७) यी सम्पूर्ण कुराको लागि परमेश्वरको प्रेम जो हामी कमाउन सक्दैनौ परमेश्वरले हामीलाई देखाउनु भएको छ हामीले परमेश्वरलाई धन्यवाद र प्रशंसा गर्नु पर्छ । "यसकारण साहससँग अनुग्रहको सिंहासन नजिक जाऔ, र खाँचोको समयमा सहायता पाउनलाई कृपा र अनुग्रह प्राप्त गर्न सकौं ।" (हिब्रू ४:१६) हाम्रो सबभन्दा ठूलो आवश्यकता हाम्रा पापहरुको क्षमा प्राप्ती हो । एउटा प्रेमी परमेश्वरको सित्तैको वरदान हाम्रा पापहरुको क्षमा हो ।

१३. परमेश्वरले हाम्रो लागि उहाँको महान प्रेम उहाँका पुत्र ________________________________ द्वारा हामीलाई देखाउनु भयो ।

१४. येशू जो हाम्रो संसारमा हाम्रो लागि
________________________ जीवन जीउन आउनुभयो ।

१५. यी तिनै येशू हुनुहुन्थ्यो जसले हाम्रा
___________________________ का लागि जब कूसको
___________________________ मा सजाय भोग्नुभयो ।

१६. हाम्रो सबभन्दा ठूलो आवश्यकता हाम्रा
_________________ को __________________ हो ।

१७. एउटा ___________________________परमेश्वरको
__________________ वरदान हाम्रा पापहरुको क्षमा हो ।

(यी प्रश्नको उत्तर ६५ मा पाउनुहुनेछ) ।

एउटा **स्वीकारीय** लुथरन मण्डलीले हामीलाई सिकाउछ :

१. हामीले गरेका कार्यद्वारा हामी धर्मि ठहरिन सक्दैनौ वा उद्धारको योजनामा हाम्रा कार्यले सहयोग गर्न सक्दैनन् ।
२. हामी सबै हराएका पापीहरु हौं ।
३. परमेश्वरको अनुग्रह, अथवा कमाउन नसकिने प्रेम एउटा सित्तैको वरदान हो ।
४. हामीलाई परमेश्वरको प्रेम उहाँका पुत्र येशू खीष्टमा देखाइएको छ ।
५. येशूले हाम्रो लागि एउटा सिद्ध, पाप रहित जीवन जीउनु भयो त्यो हामी जीउन सक्दैनौं ।

६. येशूले हामीलाई प्रेम गर्नु भयो र हाम्रो लागि क्रूसमा मर्नुभयो ।
७. हामी परमेश्वरको अनुग्रहद्वारा मात्र बचाइएका छौं ।

**हामी येशू ख्रीष्टमा विश्वासद्वारा मात्र बचाइएका हौं ।**


विश्वास शब्दको अर्थ के हो ? बाइबलले हामीलाई यो प्रश्नको उत्तर दिन्छ । हिब्रूका लेखकले हामीलाई भन्छन्, "विश्वास चाहिँ आशा राखिएका कुराको निश्चय र नदेखिएका कुराको दृढ भरोसा हो ।" (हिब्रू ११:१) एउटा इसाई आशा येशूख्रीष्टद्वारा बचाइनको लागि हो र स्वर्ग जानलाई हो । हामीले येशूलाई देखेका छैनौ न त हामीले स्वर्ग देखेका छौ, तर हामीलाई विश्वास छ कि येशू र स्वर्ग विद्यमान छन् । येशू साँचो हुनुहुन्छ उहाँद्वारा परमेश्वरले हाम्रो उद्धारको बारेमा हामीलाई जे भन्नुहुन्छ हामी विश्वास गर्छौ । विश्वासले बाहिर पुऱ्याउछ र परमेश्वरले येशूद्वारा जे दिनु हुन्छ त्यो ग्रहण गर्छ । एकमात्र यो विश्वासले हामीलाई बचाउछ । प्रेरित पावलले हामीलाई सम्झना गराउछन्, "तिमीहरुले अनुग्रहबाट विश्वासद्वारा येशूख्रीष्टमा उद्धार पाएका छौं ।" (एफिसी २:८)

१८. हिब्रू ११:१ मा बाइबलले हामीलाई दिएको "विश्वास" शब्दको परिभाषा लेख्नुहोस्

______________________________________________

______________________________________________

_____________________________________________।



पावल र सिलास झ्यालखानाको हाकीमको परिवार संग ।

१९. येशू ________________________ हुनुहुन्छ उहाँद्वारा परमेश्वरले हाम्रो उद्धारको बारेमा हामीलाई जे भन्नु हुन्छ हामी ________________________ गर्छौं ।

२०. ________________________ यो विश्वासले हामीलाई बचाउछ ।

(यी प्रश्नको उत्तर पे. नं. ६५ मा पाउनुहुनेछ) ।

"विश्वास" शब्द बाइबलमा विश्वास के हो भनेर प्रयोग र व्याख्या गरिएको छ । प्रेरित अध्याय १६:१६—४० मा प्रेरित पावलको जीवनमा एउटा मुख्य घटना घटेको लेखिएको छ । फिलिप्पीको शहरमा पावल र उनको सहयोगी सिलास झ्यालखानामा राखिएका थिए । मध्ये रात्री तिर एउटा शक्तिशाली भुईचालोले पावल, सिलास र अन्यकैदीहरुलाई तिनीहरुको साङ्लाको बन्धनबाट मुक्त गरेको थियो । झ्यालखानाका ढोकाहरु खुले । झ्यालखानाको हाकिम डराएका थिए । उनले सोचे कि सबै कैदीहरु भागेर गए । उनले तरवार झिके र आफैले आफैलाई मार्न चाहे जब प्रेरित पावलले उनी र अरु कैदीहरु भागेका छैनन् भने । तब डरले काँप्दै झ्यालखानाका हाकिमले पावललाई सोधे, "उद्धार पाउनलाई मैले के गर्नु पर्छ ?" पावलले उनलाई उत्तर दिए, "प्रभु येशू ख्रीष्टमा विश्वास गर्नुहोस् र तपाईले उद्धार पाउनुहुनेछ, तपाई र तपाईका परिवारले ।" परमेश्वरको पुत्र येशूख्रीष्टमा भएको यो हाम्रो विश्वास हो । जसले हामीलाई बचाउछ । हामी हाम्रो असल कार्यद्वारा उद्धार पाउन सक्दैनौं । आज्ञा पालनद्वारा हामी उद्धार पाउन

सक्दैनौं । तर ख्रीष्टमा विश्वासद्वारा हामीले उद्धार पाएका छौं । "किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्नो एकमात्र पुत्र दिनुभयो, ताकि उहाँ माथि विश्वास गर्ने कोही पनि नाश नहोस् तर त्यसले अनन्त जीवन पाओस् ।" (यूहन्ना ३:१६) येशू आफैले हामीलाई भन्नुहुन्छ, "बाटो सत्य र जीवन म नै हुँ । मद्वारा बाहेक कोही पनि पिता कहाँ आउन सक्दैन ।" (यूहन्ना १४:६) स्वर्ग जाने एक मात्र बाटो येशूमा विश्वास गर्नु हो ।

२१. जब झ्यालखानाको हाकिमले, "उद्धार पाउन मैले के गर्नु पर्छ? भनि सोध्यो तब पावलले के उत्तर दिए ?,

___________________________________________

___________________________________________

२२. परमेश्वरको पुत्र येशूख्रीष्टमा यो हाम्रो __________ हो कि उहाँले हामीलाई ________________ हुन्छ ।

२३. हामी हाम्रो ______________________ ________________________द्वारा उद्धार पाउन सक्दैनौं ।

२४. स्वर्ग जाने एक ________________________बाटो येशूमा विश्वास गर्नु हो ।

(यी प्रश्नको उत्तर पे. नं. ६५ मा पाउनुहुनेछ) ।

येशूख्रीष्टमा तपाईलाई विश्वासमा ल्याउनलाई पवित्र आत्मा परमेश्वर हुनुहुन्छ जसले तपाईलाई विश्वासमा ल्याउनु हुन्छ । "पवित्र आत्माद्वारा मात्र येशू नै प्रभु हुनुहुन्छ भन्न सक्छ ।" (१कोरिन्थी १२:३) रोमीमा प्रेरित पावलले पनि हामीलाई भन्दछन् "हामीलाई दिइएका पवित्र आत्माद्वारा

परमेश्वरको प्रेम हाम्रा हृदयमा खन्याइएको छ ।" (रोमी ५:५)

अनुग्रहको साधनको प्रयोगद्वारा विश्वास कायम राख्न पवित्र आत्माले हामीलाई विश्वासमा ल्याउनुहुन्छ । अनुग्रहका साधन परमेश्वरको वचनमा सुसमाचार, बप्तिस्मा र प्रभुभोजको धार्मिक विधि हुन् । पवित्र आत्माले हामीलाई विश्वासमा ल्याउन र येशू हाम्रो उद्धारकर्ता हुनुहुन्छ भनेर भरोसा राख्न परमेश्वरको प्रेमको सुसमाचारको प्रयोग गर्नुहुन्छ । बप्तिस्माद्वारा हामी परमेश्वरका परिवारका अंग बनेका छौं । तब प्रभुभोजको धार्मिक विधिद्वारा पवित्र आत्माले हामीलाई यो विश्वासमा सधैं राख्नु हुन्छ प्रत्येक समय जब हामी प्रभुभोजमा भाग लिन्छौं यसले हामीलाई हाम्रो पाप क्षमा गरिएको निश्चयता गराउछ ।

२५. ______________________________ को ______________________________द्वारा विश्वास कायम राख्न पवित्र आत्माले हामीलाई विश्वासमा ल्याउनुहुन्छ ।

२६. अनुग्रहका साधन परमेश्वरको वचनमा ______________________ , _________________________ र ________________________ धार्मिक विधि हुन् ।

(यी प्रश्नको उत्तर पे. नं. ६५ मा पाउनुहुनेछ) ।

**एउटा स्वीकारीय लुथरन मण्डलीले हामीलाई सिकाउछ :**

1. विश्वास परमेश्वरमा हाम्रो भरोसा हो कि जे उहाँले हामीलाई बाइबलमा सिकाउनुहुन्छ त्यो सत्य हो ।

२. विश्वास हात हो यसले बाहिर पुऱ्याउछ र सम्पर्क गराउछ । र परमेश्वरले येशूद्वारा जे दिनुभएको छ ग्रहण गर्छ ।

३. येशूमा विश्वासद्वारा मात्र हामीले उद्धार पाएका छौं जो एक मात्र स्वर्गको बाटो हुन् ।

४. यो परमेश्वर पवित्र आत्मा हुनुहुन्छ जसले हामीलाई विश्वासमा ल्याउनु र विश्वासमा राख्नुहुन्छ ।

वचनद्वारा मात्र, परमेश्वरको अनुग्रहद्वारा मात्र, र येशूख्रीष्टमा विश्वासद्वारा मात्र उद्धार पाएका छौं भनेर हामीले सिक्यौं । येशूमा विश्वास परमेश्वरको अनुग्रहद्वारा वचनको शिक्षाहरु जसमा मण्डली खडा वा पतन हुन्छ त्यो परमेश्वरको अनुग्रहद्वारा ख्रीष्ट येशूमा विश्वासद्वारा धर्मि ठहऱ्याउने कार्यको सिद्धान्त हो । रोमी ४:२५ ले हामीलाई भन्छ, “उहाँ हाम्रा अपराधहरुका निम्ति मारिनुभयो, र हामीलाई धर्मी तुल्याउनलाई जीवित पारिनुभयो ।” परमेश्वर पिता येशूले सिद्ध जीवन जीउनु भएकोमा सन्तुष्ट हुनुहुन्थ्यो जो हामी जीउन सक्दैनौं । हाम्रो पापको सजायको रुपमा उहाँको जीवन क्रूसमा दिएर उहाँको बलीद्वारा परमेश्वर सन्तुष्ट हुनुहुन्थ्यो । त्यसकारण परमेश्वरले येशूलाई मृतकबाट उठाउनुभयो हामीलाई र संसारलाई यो देखाउन कि येशू हाम्रो एकमात्र मुक्तिदाता हुन् । यो स्वीकारीय लुथरन मण्डलीले विश्वास गर्छ र सिकाउछ ।

दुर्भाग्यवस, धेरै मण्डलीहरु छन् जो बाइबलले सिकाएको कुरा सिकाउदैनन् । झूटा सिद्धान्त धेरै मण्डलीहरुमा सिकाइएका छन् । तिनीहरु प्रभुभोजमा दाखको रस र रोटी सँगै येशूको शरीर र रगत छ भनेर बाइबलले भनेको कुरा सिकाउदैनन् । यी झूटा मण्डलीहरुले हाम्रा पाप क्षमाको निश्चयता बप्तिस्मामा भएको छ भनेर सिकाउदैनन् । तिनीहरु सकली पापको सिद्धान्तलाई विश्वास गर्दैनन् कि हामी आदम र हव्वाबाट एउटा पापपूर्ण स्वभाव सँग पैतृक उत्ताराधिकारी जन्मेका छौँ । येशू परमेश्वरको पुत्र हुनुहुन्छ र उहाँ मृतकबाट उठ्नु भएको हो भनेर विश्वास नगर्ने धेरै मण्डलीहरु छन् जब हामी यस्ता प्रकारका झूटा शिक्षा अरु मण्डलीबाट सिक्छौं, तब हामीले के गर्नु पर्छ ? हामीले के गर्नुपर्छ बाइबलले हामीलाई सिकाउछ । परमेश्वरले हामीलाई चेतावनी दिनुहुन्छ, “भाइ हो, म तिमीहरुलाई आग्रह पूवर्क बिन्ती गर्दछु, कि तिमीहरुलाई सिकाइएको धर्म सिद्धान्तको विरुद्धमा फुट र बाधा विघ्न सृष्टि गर्नेहरुलाई नजर राख, र तिनीहरुबाट अलग्गै बस ।” (रोमी १६:१७) परमेश्वरको वचन स्पष्ट र साधारण छ । जब हामी ति सिक्छौं जसले हामीलाई परमेश्वरको वचनको विपरित सिकाउछ त्यसबाट अलग्गै रहनुपर्छ । हामीले त्यो सँग प्रभुभोज, आराधना, प्रार्थना केहिमा पनि सहभागी हुनु हुदैन । स्वीकारीय लुथरन इसाई भएकोले हामी परमेश्वरको वचनमा टेक्न, अध्ययन गर्न र सिकाउन चाहन्छौं ताकि हामीसँग अनन्त जीवनको आशिसित आशा छ । हामी परमेश्वरलाई धन्यवाद र प्रशंसा दिन्छौं किनभने उहाँले हामीलाई सत्यता सिकाउनु भएको छ ।

## अध्याय चारको पुनरावलोकन

एउटा स्वीकारीय लुथरन मण्डली वचनले हामीलाई के सिकाउछ त्यसमा आधारित छ हामीले जे मनमा सोचेका छौं त्यो सिकाउनलाई होईन । बाइबल पुरुष, स्त्री र केटाकेटीको लागि परमेश्वरको सन्देश हो । यसले जसरी एउटा बत्तीले अध्यारोमा हामीलाई सहायता गर्छ ठीक त्यस्तै हामीलाई स्वर्गको बाटो देखाउछ । वचनले हामीलाई सिकाउछ कि हामी सबै पापी छौं र येशू हाम्रो मुक्तिदाता हुनुहुन्छ । बाइबल एक मात्र बाटो हो जहाँ हामी स्वर्गको बाटोको बारेमा सिक्न सक्छौं । वचनमा परमेश्वरले हामीलाई जे सिकाउनु भएको छ त्यसमा हामी थप्न अथवा घटाउन सक्दैनौं ।

कोही मानिस विचार गर्दछन् परमेश्वरको आज्ञापालनद्वारा अथवा असल कार्यद्वारा तिनीहरु धर्मी ठहरिन्छन् भनेर विचार गर्दछन । तर वचनले हामीलाई सिकाउछ हामीले परमेश्वरको अनुग्रहद्वारा मात्र उद्धार पाएका छौं । परमेश्वरको अनुग्रह उहाँको कमाउन नसकिने प्रेम हो कि उहाँले हामीलाई पापी देखाउनु हुन्छ । परमेश्वरको अनुग्रह सित्तैको वरदान हो, हामी यसलाई कमाउन सक्दैनौं । परमेश्वरले उहाँको एकमात्र पुत्र येशूद्वारा हाम्रो लागि सिद्ध जीवन जीएर र हाम्रा पापको सजाय जस्तै क्रूसमा मर्न पठाएर हामीलाई उहाँको प्रेम देखाउनुभयो । हाम्रो अति आवश्यक खाँचो हाम्रा पापहरुको क्षमा हो र त्यो क्षमा परमेश्वर बाटको अनुग्रहको वरदान हो ।

वचनले हामीलाई सिकाउछ कि हामी येशूमा विश्वासद्वारा मात्र बचाइएका छौं । विश्वासले बाहिर सम्पर्क गराउछ र

परमेश्वरको अनुग्रहको सित्तैको वरदान स्वीकार गर्छ । येशूले हाम्रो लागि जे गर्नुभएको छ त्यहीद्वारा हामीलाई क्षमा गरिएको छ । फिलिप्पीको शहरमा जब झ्यालखानाको हाकिमले पावललाई सोध्यो, "उद्धार पाउनलाई मैले के गर्नु पर्छ ?" पावलले उत्तर दिए, "प्रभु येशूख्रीष्टमा विश्वास गर्नुहोस् ।" येशूमा विश्वास गर्न ल्याउनु यो परमेश्वरको पवित्र आत्माको कार्य हो । परमेश्वरको वचनमा पाइएको सुसमाचार र बप्तिस्माको र प्रभुभोजको धार्मिक विधिद्वारा पवित्र आत्मा यो गर्नुहुन्छ । हामी वचनद्वारा मात्र र परमेश्वरको अनुग्रहद्वारा मात्र र विश्वासद्वारा मात्र उद्धार पाएका छौं । यी आधारभुत सिद्धान्त हामीलाई बाइबलमा सिकाइएका छन् । हामी स्वीकारीय लुथरनहरु भएकोले झूटो सिद्धान्त सिकाउने मण्डलीहरुबाट अलग्गै बस्नुपर्छ । हामीले त्यस्ता मण्डलीहरु त्याग्नु पर्छ किनभने बाइबलमा परमेश्वरले हामीलाई भन्नुभएको छ, "तिनीहरुबाट अलग्गै बस ।" (रोमी १६:१७) हामी परमेश्वरलाई धन्यवाद र प्रशंसा दिन्छौं । किनभने उहाँले हामीलाई सत्यता सिकाउनु भएको छ ।

**अध्याय चारका प्रश्नको उत्तर :**

१. बाइबल, २. एकमात्र, ३. स्वर्ग, बाइबल, ४. व्यवस्था, सुसमाचार, ५. व्यवस्था, सुसमाचार, ६. बाइबल, ७. परमेश्वरको, मानिस, ८. स्वर्ग, ९. थप्नु, १०. अनुग्रह, ११. व्यवस्था, १२. सित्तैको, १३. येशूख्रीष्ट, १४. जीवन, १५. पाप, मर्नुभयो, १६. पाप, क्षमादान, १७. सित्तै, प्रेमी, १८. हिब्रूको पुस्तक हेर्नुहोस् ११:१, १९ भरोसा, सत्य, २०. एकमात्र, २१. येशूख्रीष्टमा विश्वास, २२. विश्वास, बचाउछ, २३. असल कार्य, २४. एकमात्र, २५. साधन, अनुग्रह, २६. वचन, बप्तिस्मा, प्रभुभोज ।

## अध्याय चारको परीक्षा

१. परमेश्वरले हामीलाई के गर्नुभयो हामी यी प्रश्नको उत्तर पाउनलाई केवल एकमात्र श्रोत त्यो ______________________ हो ।

२. वचनको मुख्य दुइ वटा शिक्षा ____________________ र ____________________ हुन् ।

३. ______________________ ले हामीलाई हाम्रो पापहरु देखाउछ र ______________________ले हामीलाई हाम्रो उद्धारकर्ता देखाउछ ।

४. वचन ______________________ शब्द हुन् र ______________________ का होईनन् ।

५.परमेश्वरको वचन मात्र एउटा बाटो हो जसले हामीलाइ______________________कसरी जान सकिन्छ भनेर सिकाउछ ।

६. परमेश्वरको ______________________ उहाँले हामीलाई देखाउनु भएको त्यो प्रेम हो जसको योग्यको हामी छैनौं ।

७. परमेश्वरले हाम्रो लागि उहाँको महान प्रेम उहाँका पुत्र ____________________________द्वारा हामीलाई देखाउनु भयो ।

८. हाम्रो सबभन्दा ठूलो आवश्यकता हाम्रा ____________________ को ____________________ हो ।

९. यी तिनै येशू हुनुहुन्थ्यो जसले हाम्रा ____________________ का लागि जब क्रूसको _________________________ मा सजाय भोग्नुभयो ।

१०. जब झ्यालखानाको हाकिमले, "उद्धार पाउन मैले के गर्नु पर्छ? भनि सोध्यो तब पावलले के उत्तर दिए ?,


_______________________________________________________

_______________________________________________________

_______________________________________________________

११. अनुग्रहका साधन परमेश्वरको वचनमा ______________________ , ______________________ र ______________________ धार्मिक विधि हुन् ।

(यी प्रश्नको उत्तर पे. नं. ८५ मा पाउनुहुनेछ) ।



पावलले एफिसीका एल्डरहरु संग प्रार्थना गरे ।

# अध्याय पाँच

## तपाईको देशमा इसाई मण्डलीको एउटा संक्षिप्त इतिहास

तपाईको देशमा इसाई मण्डलीको इतिहास पत्ता लगाउन तपाईले केहि खोजी गर्न तपाईको लागि यो आवश्यक हुनेछ र मुख्य गरेर तपाईको देशमा एउटा स्वीकारीय लुथरन इसाई मण्डलीको इतिहास थाहा पाउनको लागि ।

यो अध्यायमा तपाईले सिक्न चाहनुहुनेछ :

* तपाईको देशमा कसरी र कहिले इसाई मण्डली र पुरातनवादी स्वीकारीय लुथरन मण्डली शुरु भयो र
* एउटा स्वीकारीय लुथरन मण्डलीको सदस्य भएकोमा तपाईलाई के आशिष आयो ?

यो पुस्तक विभिन्न देशहरुमा प्रयोग हुनेछ । प्रत्येक यी देशहरुमा इसाई धर्म र स्वीकारीय मण्डलीको विकासको बारेमा हरेक यी देशहरुमा चाहिएको सुचना प्राप्त गर्न असम्भव हुनेछ । त्यसकारण, तपाईको देशमा इसाई मण्डलीको इतिहास थाहा पाउन तपाईको समूह अथवा व्यक्तिगत रुपमा तलका मुख्य प्रश्नहरुको उत्तर दिन आवश्यक हुनेछ ।

**१.सर्वप्रथम** बाइबलको सन्देश तपाईको देशमा **कहिले ल्याइएको थियो** ?

सन् १७१५ मा दुइ जना क्याथोलिक केपुचिन पादरीहरुले बाइबलको सन्देश त्यतिबेलाको काठमाण्डौ राज्यमा ल्याए जुन वर्तमान नेपालको राजधानी हो । पछि गएर सन् १७२२ मा काठमाण्डौ राज्यमा सतावट आएपछि उनीहरु भक्तपुर राज्यमा सरे । प्रोटेस्टेन्ट मण्डलीको सेवकाईको निम्ति वर्तमान नेपालमा सुसमाचार पुऱ्याउनको लागि बेलायत र आयरल्यान्डका सेवक डा. लिलि र मिस लिल्डा स्टिलले सन् १९४० मा नेपाल इभान्जलिस्टिक ब्यान्ड (जसलाई अहिले आइ एन एफ भनिन्छ) को स्थापना गरे र सन् १९५२ मा नेपालको पोखरामा अस्पतालको माध्यमद्वारा सुसमाचार प्रचारको आराम्भ गरे ।

**२. प्रथम व्यक्ति अथवा त्यो मण्डली को थिए जसले** तपाईको देशमा सुसमाचार घोषणा गऱ्यो ।

त्यसबेलाको काठमाण्डौ राज्यमा सुसमाचार घोषणा गर्ने पहिलो मण्डली रोमन क्याथोलिक चर्चको केपुचिन

फादरहरु थिए । सन् १७६० मा भक्तपुरमा पहिलो क्याथोलिक मण्डलीको स्थापना भएको थियो । नेपाल बाहिर रहेका नेपालीहरुको बीचमा सुसमाचार प्रचार गर्नको लागि सन् १८६८ मा चर्च अफ स्कटल्यान्डले दार्जिलिङमा स्कूलको माध्यमद्वारा सेवकाईको शुरुवात गरे । र दार्जिलिङमा भएका इसाईहरुले सन् १८९२ मा नेपालीहरुको बीचमा सुसमाचार प्रचार गर्नलाई गोर्खा मिसनको स्थापना गरे । सन् १९१४ मा साधु सुन्दरसिंह नेपालको इलाम जिल्लामा आएर सुसमाचार प्रचार गरे । र पछि गएर साधुनी चन्द्रलीलाले नेपालमा सुसमाचार प्रचार गरेको पाइन्छ । औपचारिक रुपमा नेपाल इभान्जलिस्टिक ब्यान्डले अस्पताल संचालन गर्न पाएपछि तिनीहरुले गरेको सुसमाचारको कार्यद्वारा सन् १९५२ मा नेपालको पहिलो प्रोटेस्टेन्ट चर्च "रामघाट मण्डली" को स्थापना भयो । जसको पहिलो पाष्टर डेविड मुखिया थिए । अन्य मिसनहरुमा युनाइटेड मिसन टु नेपाल सन १९५४ मा स्थापना भयो यो नेपालमा स्थापना भएको सबै भन्दा ठुलो मिसन थियो । सन १९५५ मा द ईभान्जिलिकल एलायन्स मिसनले (टिम) सुदर पश्चिमको पहाडी जिल्लाको पोखरा मा अस्पतालको माध्यमद्धारा सेवकाईको कार्यलाई प्रारभ्म भयो ।

**३. आज तपाईको देशमा इसाई मण्डलीहरु कहाँ छन्** ?

सन १९९० भन्दा पहिले नेपालका ससमाचारको लागि ढोका बन्द थियो, केहि सुसमाचारीय मिसनहरुले सामाजीक सेवाको साथसाथै ससमाचारको कार्यलाई निरन्तरता

दिईरहेका थिए । सन १९९० को जनआन्दोलन पश्चात मा देशमा बहुदलको स्थापना भएपछि सेवकाईको कार्य तिब्ररुपमा बृद्धि भयो । आज नेपालका प्राय सबै जिल्लाहरुमा इसाई मण्डलीहरु तथा स साना झुण्डहरु स्थापित छन् ।

**४. तपाईको देशमा सर्वप्रथम पुरातनवादी स्वीकारीय लुथरन मण्डलीको शिक्षा कहिले शुरु भयो ?**
सन् २००२ मा पुरातनवादी स्वीकारीय लुथरन मण्डलीले नेपालमा सेवकाईको कार्य शुरु गऱ्यो ।

**५. तपाईको देशमा पुरातनवादी स्वीकारीय लुथरन मण्डली ल्याउने व्यक्ति अथवा समूह को थियो ?**
विस्कान्सिन इभान्जिलिकल लुथरन सिनेडसँगको सहकार्यमा आस्था राष्ट्रिय संगतीले (जो पुरानतवादी स्वीकारीय लुथरनहरुले शिकाउने बाइबलिय शिक्षामा बिश्वास गर्दछ) पुरातनवनदी स्वीकारीय मण्डलीको शुरुवात गऱ्यो ।

**६. तपाईको देशमा ती मण्डलीहरु कहाँ छन् ? जो पुरातनवनदी स्वीकारीय बाइबलिय शिक्षामा बिश्वास गर्दछन् ?**
पश्चिम नेपालको धनगढीबाट स्वीकारीय लुथरन मण्डलीको शिक्षालाई स्वीकार गर्दै आस्था राष्ट्रिय संगतीको सहकार्यमा सुदर, मध्यपश्चिम, पश्चिमाञ्चल तथा मध्यमाञ्चल विकास क्षेत्रका केहि जिल्लाहरुमा पुरातनवादी स्वीकारीय बाइबलिय शिक्षामा बिश्वास गर्ने मण्डलीहरु अवस्थित छन् ।

**७. तपाईको देशमा आस्था राष्ट्रिय संगतीले (जो पुरानतवादी स्वीकारीय लुथरनहरुले शिकाउने बाइबलिय शिक्षामा बिश्वास गर्दछ) कस्तो प्रकारको कार्य गरेर लैजान्छ ?**

आस्था राष्ट्रिय संगतीले (जो पुरानतवादी स्वीकारीय लुथरनहरुले शिकाउने बाइबलिय शिक्षामा बिश्वास गर्दछ) बाइबल अध्ययन श्रंखला का पुस्तकहरुको माध्यमद्वारा परमेश्वरको वचन अध्ययन गराइरहेको छ । साथै मण्डलीका पाष्टर अगुवाहरुलाई अगुवापन तालिमद्वारा शिक्षा प्रदान गर्नको साथै बालबालिकाहरुका निम्ति वचन अध्ययनको लागि सामाग्री उपलब्ध गराईरहेको छ । केहि सामाजीक कार्यहरुद्वारा समाजका बिभिन्न क्षेत्रमा सुसमाचारको लागि पुलको रुपमा कार्य गरिरहेको छ ।

एउटा स्वीकारीय लुथरन मण्डलीको सदस्य भएकोमा तपाईका धेरै आशिषहरु छन् ।

**तपाई परमेश्वरको सन्तान हुनुहुन्छ तपाई आनन्दित हुन सक्नु हुन्छ**

स्वर्गमा एउटा महिमित अनन्त जीवन र यहाँ पृथ्वीमा एउटा आशिषित इसाई जीवनको आनन्द लिन तपाईलाई उद्धार गरिएको छ । परमेश्वरको प्रेरणाद्वारा लेखिएको सत्य वचन बाइबलको अध्ययनद्वारा तपाईले थाहा पाउनु भएको येशूख्रीष्ट तपाईको मुक्तिदाता को कारण यो आशिष तपाई कहाँ आउछ । बाइबलमा तपाईले देख्नु भयो कि

परमेश्वरले कसरी उहाँको अनुग्रह तपाईलाई दिनुभयो र तपाईलाई येशूखीष्टमा विश्वासमा ल्याउनु भयो ।

**एफिसी २:८,९—** "किनभने अनुग्रह बाट विश्वासद्वारा तिमीहरुले उद्धार पाएका छौं — र यो तिमीहरु आफैबाट होईन, यो त परमेश्वरको वरदान हो — कर्महरुद्वारा होईन, नत्रता मानिसले घमण्ड गर्नेछ ।"

१. कसरी तपाईले उद्धार पाउनु भयो एक अथवा दुइ वाक्यमा लेख्नुहोस् ।

________________________________________

________________________________________

________________________________________

तपाई **सत्य** परमेश्वर**लाई निरन्तर** आरा**धना गर्न** सक्नु हुन्छ ।

परमेश्वर पिता सत्य परमेश्वर हुनुहुन्छ, जसले तपाई र संसार जसमा तपाई रहनु भएको छ सामान्य छ दिनमा सृजनु भएको छ । तपाईको शरीर र जीवनको लागि उहाँले निरन्तर तपाईको सम्पूर्ण आवश्यकता उपलब्ध गराउनु हुन्छ किनभने उहाँ एउटा शक्तिशाली परमेश्वर हुनुहुन्छ ।

**भजनसंग्रह १४५:९—** "परमप्रभु सबै माथि भलो हुनुहुन्छ र आफ्नो समस्त सृष्टिमाथि दया राख्नु हुन्छ ।"

परमेश्वरको पुत्र येशूख्रीष्ट सत्य परमेश्वर हुनुहुन्छ जो हाम्रो संसारमा एउटा सिद्ध जीवन जिउनलाई र हाम्रो सट्टा हाम्रो ठाउँमा क्रूसमा मर्न ताकि हाम्रो पाप क्षमा हुन सकुन भनेर आउनुभयो ।

२कोरिन्थी ५:२१— "किनकि हामी उहाँमा परमेश्वरको धार्मिकता बन्न सकौं भनेर पाप नचिन्नु हुनेलाई परमेश्वरले हाम्रा खातिर पाप बनाउनु भयो ।"

पवित्र आत्मा सत्य परमेश्वर हुनुहुन्छ जसले हाम्रो विश्वासलाई येशूमा ल्याउनु हुन्छ र विश्वासमा राख्नु हुन्छ ताकि यहाँ पृथ्वीमा इसाई जीवन र स्वर्गमा अनन्त जीवन जिउन सकौं ।

१कोरिन्थी ६:११— "तिमीहरु कोही यस्तै थियौ तर तिमीहरु धोइयौ, पवित्र पारियौ, प्रभु येशूख्रीष्टको नाउँमा हाम्रा परमेश्वरका आत्माद्वारा निर्दोष ठहराइयौ ।"

२. सत्य परमेश्वर को हुनुहुन्छ लेख्नुहोस् ।

________________________________________

________________________________________

________________________________________

**तपाई परमेश्वरको वचन बाइबल पढ्न सक्नु हुन्छ ।**

परमेश्वरले हामीलाई उहाँको प्रेरणाद्वारा लेखिएको वचनसँग आशिषित तुल्याउनु भएको छ जो त्रुटी रहित छ । स्वीकारीय इसाई भएकोमा हामीले परमेश्वरको वचन पढ्नु

र अध्ययन गर्नु पर्छ । बाइबलले परमेश्वरको प्रेम हामीलाई प्रकट गर्छ र यसले हाम्रो विश्वास उहाँमा बलियो पार्छ । परमेश्वर हुनुहुन्छ भनेर हाम्रो वरिपरिको संसार र हाम्रो आफ्नो विवेकले हामीलाई भन्छ । तर बाइबलले मात्र वास्तविक सत्य परमेश्वर को हुनुहुन्छ र उहाँले हाम्रो लागि के गर्नु भयो यसले हामीलाई भन्छ यो त्यहि परमेश्वरको वचन हो जसले हामीलाई येशू कहाँ डोऱ्याउछ ।

यूहन्ना २०:३०,३१— "येशूले अरु धेरै चिन्नहरु चेलाहरुका सामुन्ने गर्नुभयो, जुन चाहिँ यस पुस्तकमा लेखिएका छैनन् । तर यी लेखिएका छन् कि तिमीहरुले येशू परमेश्वरका पुत्र, ख्रीष्ट हुनुहुन्छ भनी विश्वास गर, र विश्वासद्वारा उहाँको नाउँमा तिमीहरुलाई जीवन प्राप्त होस् ।"

प्रेरित पावलको समयमा हामीले अनुकरण गर्न बेरिया शहरका इसाईहरुको एउटा उदाहरण छन् । ती इसाईहरुले यो भनेका छन् :

प्रेरित १७:११— "यहाँका यहूदीहरु थेसलोनिकेका भन्दा बढी भला थिए । किनभने यिनीहरुले पूरा उत्सुकता साथ वचन ग्रहण गरे र ती कुराहरु ठीकै त्यस्तै हुन् कि होइनन् भनी दिनहुँ धर्मशास्त्र छानविन गर्थे ।"

जब तपाई कहाँ प्रचार गरिन्छ परमेश्वरको वचन खुशी साथ सुन्नुहोस् । सावधानि पूवर्क वचन अध्ययन गर्नुहोस् र तपाई पनि परमेश्वरको बारेमा सत्यता सिक्नुहुनेछ ।

३. इसाईको लागि बाइबल त्यति महत्वपूर्ण किन छ लेख्नुहोस् ।

___________________________________________

___________________________________________

___________________________________________

येशूको ज्योति तपाईको जीवनमा चम्केको बारे अरुलाई येशूमा डोऱ्याउने बाइबलको शिक्षा तपाई दिन सक्नुहुन्छ ।

येशूले भन्नुभयो कि उहाँ संसारको ज्योति हुनुहुन्छ ।

**यूहन्ना ८:१२—** "येशूले फेरि तिनीहरुलाई भन्नुभयो, "म संसारको ज्योति हुँ । मलाई पछ्याउने अन्धकारमा हिड्डुल गर्ने छैन, तर त्यसले जीवनको ज्योति पाउनेछ ।"

येशूमा विश्वासीको रुपमा त्यो ज्योति अरुहरुको अगाडि चम्काउन चाहन्छौ र एकअर्को मानिससँग त्यो ज्योतिलाई सहभागी गराउनेछौ ।

**मत्ती ५:१६ —** "यसरी नै तिमीहरुको ज्योति मानिसहरुका सामुन्ने चम्कोस्, र तिनीहरुले तिमीहरुका सुर्कम देखुन् र स्वर्गमा हुनुहुने तिमीहरुका पिताको महिमा गरुन् ।"

येशूको वचन हाम्रो जीवनमा चम्कन दिन सक्ने सर्वोत्तम उपाय कसरी हामीहरुले परमेश्वरको अनुग्रहमा येशूमा विश्वासद्वारा उद्धार पाएका छौं अरु मानिसहरुलाई त्यो सुसमाचार सुनाउनु हो ।

रोमी १०: **१४,१५—** " तर जसलाई विश्वास गरेकै छैनन् उहाँलाई मानिसहरुले कसरी पुकार्ने ? जसको विषयमा

सुनेकै छैनन् उहाँ माथि तिनीहरुले कसरी विश्वास गर्ने ? र प्रचारक विना तिनीहरुले कसरी सुन्ने ? र कसैले नपठाईकन मानिसहरुले कसरी प्रचार गर्ने ? जस्तो लेखिएको छ, "सुसमाचार प्रचार गर्नेहरुका पाउ कति सुन्दर ।"

परमेश्वरलाई धन्यवाद जसले हामीलाई उहाँको वचनद्वारा येशू कहाँ नेतृत्व गर्नु हुन्छ, तब हामी सुसमाचारको खबर एकअर्कालाई बाँड्छौं ताकि तिनीहरु हामीहरुको जस्तै स्वर्गमा अनन्त जीवनको आशा तिनीहरुको पनि हुनेछ ।

४. अरुहरुको जीवनको लागि तपाईको जीवन कसरी चम्कन दिन सक्नुहुन्छ ?

________________________________________

________________________________________

________________________________________

तपाई **सुसमाचार** विस्तारको लागि **प्रार्थना गर्न** सक्नुहुन्छ ।

सुसमाचार धेरै शक्तिशाली हुन्छ । धेरै मानिसको मुक्तिको लागि यो परमेश्वरको शक्ति हो । प्रार्थना पनि धेरै शक्तिशाली हो । यो परमेश्वरको प्रतिज्ञा हो ।

यूहन्ना १४:१३,१४— "तिमीहरुले मेरो नाउँमा जे सुकै मागे तापनि पुत्रमा पिताको महिमा होस् भनेर म त्यो गर्नेछु । तिमीहरुले मेरो नाउँमा कुनै थोक माग्यौ भने म गरिदिनेछु ।"

विश्वासीको रुपमा जसले सुसमाचारको खबर सुनेको छ हामीले येशूको बारेमा सिकाउन अरुहरुलाई पनि सिक्न

प्रार्थना गर्नुपर्नेछ, येशूमा विश्वास गर्न सकुन र उद्धार पाउनेछन् । हामी यो प्रभुको प्रार्थना मा जब "तपाईको राज्य आओस्" भनि प्रार्थनामा भन्छौ । यो हाम्रो प्रार्थना हो कि हामी परमेश्वरको परिवारको सदस्य र राज्य हुनेछौ र अरुहरु पनि परमेश्वरका परिवारको सदस्य र राज्य हुनेछन् ।

५. सुसमाचार अरु कहाँ पुग्ने इच्छा जाहेर भएको तपाईको इच्छा व्यक्त गरिने प्रार्थना लेख्नुहोस् ।

________________________________________

________________________________________

________________________________________

________________________________________

तपाई मण्डलीको कार्यको लागि सहायता गर्न सक्नु हुन्छ ताकि अरुहरु पनि येशूको बारेमा सिक्न सकून् ।

हाम्रो मुक्तिदातालाई सेवा गर्ने धेरै उपायहरु छन् । हामी मण्डलीको कार्यको लागि प्रार्थना गर्न सक्छौ । तिनीहरुको लागि प्रार्थना गर्न सकिन्छ जसले तपाईलाई बाइबल अध्ययन र आराधना सेवामा अगुवाई गर्छन् । मिसनरीहरुको लागि प्रार्थना गर्नुहोस् जोहरु अर्को देशमा गएर सुसमाचार प्रचार गर्दछन् ।

१तिमोथी २:१— "सर्वप्रथम म आग्रह गर्दछु, कि सबै मानिसहरुका निम्ति नम्र —निवेदन, प्रार्थना र मध्यस्थ बिन्ती र धन्यवाद चढाइऊन् ।"

हामीले आफैलाई मण्डली कार्यको लागि समर्पित गर्न सक्छौ । हाम्रो झुण्डमा परमेश्वरलाई सेवा धेरै प्रकारले गर्न सक्छौ । यदि हामी सिकाउन सक्छौ भने स्वयम सेवकको रुपमा नानीहरु अथवा अन्यलाई सिकाउन सक्छौ । आराधना सेवा क्षेत्रलाई सफा सुग्घर राखेर सहायता गर्न सक्छौ । हाम्रो पास्टरलाई सहायता गर्न सक्छौ ।

रोमी १२:६–८ — "हामीलाई दिइएको अनुग्रह अनुसार अलग—अलग वरदानहरु हामी प्रयोग गरौ । अगमवाणीको हो भने, विश्वासको परिमाण अनुसार सेवाको हो भने, सेवाको काममा दान दिनेले उद्धार चित्तले, सत्यता दिनेले जोश साथ, कृपाको काम गर्नेले, खुशीसित । येशूको बारेमा अरुलाई सिकाउन हाम्रो मण्डलीको सेवकहरुलाई बाहिर पठाउनलाई हाम्रो पाष्टरको कार्यलाई सघाउन हामी पैसा दिएर सहायता गर्न सक्छौ ।

२कोरिन्थी ९:६,७ — "तर कुरा यही हो कि थोरै छर्नेले थोरै नै कटनी गर्छ, र प्रशस्तसँग छर्नेले प्रशस्तसँग कटनी गर्छ । अनि हरेक मानिसले आफ्नो मनमा सङ्कल्प गरेबमोजिम दिओस्, इच्छा नभई होइन, नता करकापमा परेर । किनभने खुशीसाथ दिनेलाई परमेश्वरले प्रेम गर्नुहुन्छ ।"

याद गर्नुहोस् बाइबलले हामीलाई सिकाउछ कि हामीले हाम्रो समय र पैसा खुशीसाथ दिनुपर्छ जस्तो परमेश्वरले हामीलाई आशिष दिनु भएको छ ।

१यूहन्ना ४:१९ "हामी प्रेम गर्दछौं, किनभने पहिले उहाँले हामीलाई प्रेम गर्नुभयो ।"

६. परमेश्वरको प्रेमको खातिर मण्डलीको कार्य सघाउन तपाईले गर्न सक्ने सहायताका केही उपाय लेख्नुहोस् ।

## अध्याय पाँचको पुनरावलोकन

येशू र प्रेरित पावलको समय देखि वर्तमान सम्म इसाई मण्डली संसारभरी फैलिरहेका छन् । जर्मनी देशमा १५१७ मा लुथरन मण्डली शुरु भएको थियो तब देखि संसारभरी यो विकसित भइरहेछ । इसाई मण्डली र लुथरन मण्डलीको इतिहास संसारको हरेक देशमा फरक हुनेछ ।

त्यहाँ धेरै आशिषहरु छन् ती जो स्वीकारीय लुथरन मण्डलीको सदस्यहरुलाई आउछन् । ती जो एउटा स्वीकारीय लुथरन मण्डलीको सदस्यहरु छन् ती आनन्दित हुन सक्छन् कारण तिनीहरु बाइबलबाट थाहा पाउछन् कि तिनीहरु जे गर्छन् त्यो कार्यबाट तिनीहरु उद्धार पाएका होईनन्, तर तिनीहरु येशूखीष्टमा विश्वासद्वारा परमेश्वरको अनुग्रहले उद्धार पाएका छन् र ती सदस्यहरु सत्य परमेश्वरलाई आराधना गर्छन कि उहाँले तिनीहरुलाई सृर्जनु

भयो, पापको छुटकारा दिनुभयो र तिनीहरुलाई तिनीहरुको मुक्तिदातामा विश्वसमा ल्याउनुभयो । एउटा स्वीकारीय लुथरन मण्डलीको सदस्यहरुलाई परमेश्वरको वचन निरन्तर अध्ययन गर्न र तिनीहरुको मुक्तिदाता येशू कहाँ अरु मानिसहरुलाई डोर्‍याउन तिनीहरुको जीवनमा तिनीहरुको विश्वास चम्काउन प्रोत्साहित गरिएको हुन्छ । यस्तो प्रकारको मण्डलीको सदस्य भएकोले हरेक व्यक्तिले सुसमाचार फैलाउन र तिनीहरुको गाउँ अथवा शहरमा मण्डली कार्यको सेवा दिन सारा संसारभरीको लागि प्रार्थना गर्नेछन् ।

**अध्याय पाँचका उत्तर :**
अध्याय पाँचको विवरण अथवा प्रश्नको उत्तर हरेक व्यक्ति व्यक्तिको फरक हुन सक्छ ।

| ८२ | # शब्दावली |
|---|---|

| | |
|---|---|
| त्याग्नु | टाढा रहनु, |
| शताब्दी | १०० बर्षको समय |
| शुद्ध पार्नु | केही कुरा सफा पार्नु, अथवा शुद्ध पार्नु |
| स्वीकार | एउटा व्यक्तिको विश्वासको घोषण |
| **विवेक** | एउटा ज्ञान अथवा सही र गलतको चेतना |
| विपरित | अर्कोले जे भन्छ त्यसको उल्टो |
| इन्कार | अर्कोले जे भन्छ त्यसको उल्टो, त्याग्नु |
| योग्यको | केहि कुरा प्राप्त गर्न सुहाउदो हुनु, केही कुराको योग्य हुनु |
| **सिद्धान्त** | एउटा विश्वास, विश्वासको सेट जो सिकाइएको छ |
| त्रुटी | गल्ती, |
| परिचित | केहि कुरा राम्री थाहा भएको । |
| **अन्यजाति** | जो यहूदीहरु होईनन् |
| अनुमति दिनु | दिनु, मन्जुरी दिनु |
| **प्रेरणा** | श्वास प्रश्वासित, |

| | |
|---|---|
| दान, भेटी | अरु मानिसको सहायताको लागि कुनै कुरा दिने कार्य |
| **विपक्ष** | प्रतिपक्ष हुनु, कुनै कुराको विरुद्ध खडा हुनु |
| **ताड्ना** | कुरा भएर दु:ख दिने कारणको व्यवहार पार्नु |
| अनुसन्धान | कुनै विषयमा सावधानी पूर्वक अध्ययन गर्नु |
| प्रकट | देखिनु, लुकेको कुराको जानकारी हुनु |
| बलिदान | केहि कुराको उपहार बन्नु जो अमुल्य हुन्छ |
| **मुक्ति, उद्धार** | एउटा व्यक्तिको आत्मालाई पापबाट बचाउनु र यसको फल |
| श्रोत | जहाँबाट केहि कुरा आउछ |
| छरपष्ट | सानो सानो थोपा तरलतामा छरिनु |
| चारैतिर | कुनै कुरा चारैतिर हुनु |
| **फरक हुनु** | कुनै आकार फरक हुनु अथवा देखिनु |
| साक्षी | एउटा व्यक्ति जसले जे जानेको छ त्यहि भन्नु । |

# ०९ अध्याय जाँचका उत्तरहरु

**अध्याय एक**

१. हृदय, विश्वास, २. परमेश्वर, हृदयहरु, ३. विश्वास, येशू ख्रीष्ट, ४. परमेश्वर, ५. इसाई, ६. एक, ७. प्रेमी, ८. प्रेम, ९. भेटी, प्रार्थना ।

**अध्याय दुइ**

१. गवाहीहरु, २. विश्वास, येशूख्रीष्ट, ३. नष्ट पार्नु, ४. फैलाउनु, ५. झूटा, ६. विश्वासको सार, विश्वास, ७. प्रेरितको, ८. पिता, ९. येशूख्रीष्ट, १०. पवित्र आत्मा, ११. पिता, १२. मर्नुभयो, छुटकारा, १३. विश्वास, स्वर्ग ।

**अध्याय तीन**

१. आकारको, २. मुक्तिदाता, ३. जीवन, ४. झूटा, पुत्र, ५. बाइबल, ६. बाइबल, ७. विश्वास, ८.चारैतिर, ९. वचन (बाइबल), १०. विश्वास योग्य ।

**अध्याय चार**

१. बाइबल, २. व्यवस्था, सुसमाचार, ३. व्यवस्था, सुसमाचार, ४. परमेश्वरका मानिसहरु, ५. स्वर्ग, ६. अनुग्रह, ७. येशूख्रीष्ट, ८. क्षमादान, पाप, ९. पाप, मर्नुभयो, १०. प्रभु येशूख्रीष्टमा विश्वास गर्नु, ११. वचन, बप्तिस्मा, प्रभुभोज ।

# ८२ अन्तिम परीक्षा

बधाई छ ! तपाईले मण्डली इतिहास भन्ने पुस्तकको अध्ययन पूरा गर्नु भएको छ । फेरि एक पटक पुस्तकलाई र अध्ययन जाँचलाई विशेष गरेर तपाईले त्रुटीलाई पुन: दोहऱ्याउनु होस् । जब तपाईलाई निश्चित हुन्छ कि तपाई सबै उद्देश्यहरु जान्नु हुन्छ, तब तपाई अन्तिम जाँचको लागि तयार हुनुहुन्छ ।

पुस्तक नहेरिकन अन्तिम परीक्षा पूरा गर्नुहोस् । जब तपाईले जाँच पूरा गर्नु हुन्छ । तपाईलाई यो पुस्तक उपलब्ध गराउने व्यक्तिलाई अथवा यस पुस्तकको पछाडि भएको ठेगानामा पठाउनुहोस् । तपाई यस पाठ्याक्रमका अरु पुस्तकहरु मगाएर पनि पढ्न सक्नु हुन्छ ।

यदि तपाई तयार हुनुहुन्छ भने, अन्तिम परीक्षा भएको पृष्टलाई पुस्तकबाट अलग गर्नुहोस् र किताबलाई ( पुस्तकलाई) राख्नुहोस् । पुस्तक नखोली परीक्षा दिनुहोस् ।

| ९२ | इसाई मण्डली<br>अन्तिम परीक्षा |
|---|---|

१. हामी कसैको _______________ बुझ्नको लागि देख्न सक्दैनौं यदि त्यो व्यक्ति येशूमा _______________ गर्छ ।

२. केवल _________________________ मात्र हाम्रो _________________________लाई देख्न सक्नुहुन्छ र कसले उहाँलाई विश्वास गर्छ उहाँ जान्नु हुन्छ ।

३. यो _________________________ हुनुहुन्छ, हामीहरु होईनौ जसले हामीलाई यस अदृश्य मण्डलीको सदस्यहरु बनाउनु हुन्छ ।

४. जब तपाईले बप्तिस्मा लिनुभएको थियो तपाईले _________________________नाम प्राप्त गर्नु भएको छ ।

५. पवित्र इसाई मण्डली विश्वासीको लागि निर्मित छ, जहाँ अनुग्रहको साधन परमेश्वरको वचनमा ___________________ र ________________ सिकाइएका छन् र ती सही तरिकाले प्रबन्ध गरिएका छन् ।

६. येशूका चेलाहरुले प्रभुको निर्देशन पालन गरेका थिए र मानिसहरु कसरी _________________________ ___________________ ____________________ मा बचाइएका (उद्धार गरिएका) छन् भन्ने बारे प्रचार गर्दै र सिकाउदै गए ।

७. मण्डली नष्ट हुनुको सट्टा, सतावटको कारण मण्डली ____________________________ भयो ।

८. शैतानले हर प्रकारले परमेश्वरको मण्डलीलाई ____________________________ पार्ने कोशिष गरेको छ ।

९. विश्वासको सार हाम्रो लागि अत्यधिक प्रख्यात छ त्यसलाई ________________ विश्वासको सार भन्दछन् ।

१०. विश्वासको सारको प्रथम खण्डले परमेश्वर ____________________________ को बारेमा भन्दछ ।

११. दोस्रो र लामो विश्वासको सारको यो खण्डले _____________________ ____________________ परमेश्वर पिताको एक मात्र पुत्र, हाम्रो प्रभुको बारेमा भन्छ ।

१२. तेस्रो यो विश्वासको सारको खण्डले परमेश्वर ______________ ________________ को बारेमा भन्छ ।

१३. मार्टिन लुथरले __________________________________ को शिक्षा अनुसार यसलाई फिर्ता ल्याए ।

१४. रोमी १:१७ को पढाईद्वारा मार्टिन लुथरले सिके कि हामी ____________________________द्वारा परमेश्वरसँग धर्मी ठहऱ्याइएका छौँ ।

१५. _______________________ ले हामीलाई पापहरु देखाउछ र _____________________ ले हामीलाई हाम्रो उद्धारकर्ता देखाउछ ।

१६. परमेश्वरको वचन मात्र एउट मार्ग हो कसरी ________________ प्राप्त हुन्छ हामीलाई सिकाईएको छ ।

१७. वचन _______________________ का शब्द हुन र ______________________ का होईनन् ।

१८. परमेश्वरले हाम्रो लागि उहाँको महान प्रेम उहाँका पुत्र ________________________द्वारा हामीलाई देखाउनु भयो ।

१९. हाम्रो सबभन्दा ठूलो आवश्कता हाम्रा __________________ को __________________ हो ।

२०. यी तिनै येशू हुनुहुन्थ्यो जसले हाम्रा _________________________ का लागि जब कूसको _________________________मा सजाय भोग्नु भयो ।

२१. जब झ्यालखानाको हाकिमले उद्धार पाउन मैले के गर्नु पर्छ ? भनि सोध्यो तब पावलले के उत्तर दिए ?

_________________________________________________

_________________________________________________

_________________________________________________

२२. अनुग्रहका साधन परमेश्वरको वचनमा ____________________ र ____________________ को धार्मिक विधिहरु र ____________________ हुन ।

कृपया निम्न विवरण लेख्नुहोला :

नामः________________________________________

ठेगानाः______________________________________

कृपया यो पाठ्यसामग्री बारे आफ्नो प्रतिक्रिया लेख्नुहोला ।

Multi-Language Productions
Bringing the Word to the World

**The Christian Church-Nepali**
**Bible Teachings Series**
**MLP Catalog Number: 385183**